# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ३१८ | काठमाडौं | आइतबार, ५ चैत २०७९ | Prabhab National Daily | Sunday, March 19, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सचेत नागरिकको पुण्य काम, मृत्युपछि अंगदान ।**

- मानिस जीवित हुँदा आफैंले र मृत्युपछि आफन्तले अंगदान गर्न सक्छन् ।
- मृत शरीरको दुई वटा मृगौला, दुई वटा फोक्सो, मुटु, कलेजो, प्याङक्रियाज र सानो आन्द्रासमेतको अंगदान गरी आठ जनासम्मको ज्यान बचाउन सकिन्छ ।
- मस्तिष्क मृत्यु (Brain Death) भएका व्यक्तिको पनि अंग लिन मिल्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आज स्ववियु निर्वाचन




■ शरद शर्मा

**काठमाडौं–** करिब १४ वर्षपछि आज त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुँदै छ । निर्वाचनका लागि त्रिविअन्तर्गतका आंगिक र सम्बन्धन प्राप्त क्याम्पसले तयारी पूरा गरिसकेका छन् । यसपटक सबै विद्यार्थी संगठनको एकमात्र एजेण्डा स्ववियु निर्वाचन भएपछि

> देशभरिका त्रिविका ६२ आंगिक क्याम्पस र एक हजार ४० क्याम्पसमा आज स्ववियु निर्वाचन हुँदै छ । निर्वाचनमा मतदानको समय बिहान ८ देखि दिउँसो ४ बजेसम्म तोकिएको छ ।

निश्चित भएको हो ।

पटक-पटक घोषणा भए पनि यसअघि स्ववियु निर्वाचन हुन सकेको थिएन । आज हुने स्ववियु निर्वाचनबाट राजनीतिक दलदेखि विद्यार्थी संगठनसम्म उत्साही भएका छन् । उम्मेदवारी दर्तादेखि नै उत्साहपूर्णरूपमा लागेका विद्यार्थी संगठन आज हुने निर्वाचनका लागि झनै उत्साही भएका छन् । उनीहरू आफ्नो पक्षमा माहोल बनाउन लागिरहेका छन् । देशभरिका त्रिविका ६२ आंगिक क्याम्पस र एक हजार ४० क्याम्पसमा एकै दिन हुने निर्वाचनले मुलुक स्ववियु निर्वाचनमय भएको छ ।

विश्वविद्यालयमा अध्ययरत विद्यार्थी र तिनले आन्दोलनमार्फत गरेका सहमति कार्यान्वयन गर्न, क्याम्पस तथा विश्वविद्यालयको नीति निर्माण र कार्यान्वयनमा विद्यार्थी प्रतिनिधित्व सुनिश्चित गर्न, क्याम्पसमा शैक्षिक वातावरण कायम गर्न र विद्यार्थीको चौतर्फी विकासका लागि स्ववियु निर्वाचन हुँदै आएको छ । स्ववियु निर्वाचन २०६५ सालदेखि यता नियमित हुन सकेको छैन । वि.सं. २०५४ मा भएको स्थानीय तहको निर्वाचन एकै पटक गणतन्त्र आइसकेपछि २०७४ सालमा भएको थियो । अहिले स्ववियु निर्वाचन पनि करिब १४ वर्षपछि हुन लागेको हो ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारी सरकार, राजनीतिक दल र विद्यार्थी संगठनको सहयोगका कारणले अहिले निर्वाचन सम्भव भएको बताउँछन् । 'प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचनमा विगतमा धेरै पटक प्रयास भएका थिए । तर विद्यार्थी संगठनको कारणले सम्भव भएको थिएन,' उनले भने, 'यसपटक सबैको सहयोगले हामी आइतबार निर्वाचन गर्न गइरहेका छौं ।' (बाँकी पृष्ठ २ मा)

# प्रतिपक्षमा आलोपालो !

- दुई महिना एक साता सत्तामा बसेको एमाले प्रतिपक्षमा
- कांग्रेस, नेकपा एस, लोसपा र जनमोर्चा सत्तापक्षमा
- राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा गठबन्धनको नयाँ समीकरणले एमाले अन्ततः सत्ताविमुख
- राप्रपा पनि सत्ताविमुख
- सरकार छाडेको रास्वपा सत्तापक्ष कि विपक्ष ?


फाइल तस्बिर

■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभामा प्रतिपक्षी दलको अदलबदल हुँदै छ । नेकपा एमाले आजदेखि प्रतिपक्षी दल बन्दै छ । यसअघिको प्रतिपक्षी दल नेपाली कांग्रेस भने सत्तापक्षमा सर्दै छ । यससँगै आजको प्रतिनिधिसभा बैठकमा एमाले प्रतिपक्षीय बेञ्चमा बस्ने भएको छ ।

१० पुसदेखि १७ फागुनसम्म एमाले सत्तापक्षमा थियो । त्यस अवधिमा कांग्रेस विपक्षी दलको हैसियतमा रह्यो । तर, दुई महिना एक साता सत्तापक्षमा रहेको एमाले अन्ततः प्रतिपक्षमा बस्नुपर्ने बाध्यतामा पुगेको हो ।

२५ फागुनमा भएको राष्ट्रपति निर्वाचन र ३ चैतमा भएको उपराष्ट्रपति निर्वाचनमा बनेको नयाँ गठबन्धनको समीकरणले एमाले प्रतिपक्षमा बस्नुपर्ने कारक बनेको हो । यी दुई पदका लागि भएको निर्वाचनमा एमालेलाई एक्लो पारेर नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल कांग्रेससहितका दलहरूसँग सहकार्य गर्न तयार भए । हाल कांग्रेस, माओवादीसहितका दलहरू मिलेर बनेको १० दलीय गठबन्धन छ ।

यही गठबन्धनका कारण एमाले नचाहँदा नचाहँदै प्रतिपक्षमा बस्नुपर्ने बाध्यतामा परेको हो । एमालेका सांसद महेश बस्नेतले आजदेखि एमालेको संसद्मा भूमिका सरकारलाई खबरदारी गर्ने हुने बताए । 'जनताको मुद्दा थप सशक्त उठाउने अवस्थामा हामी आइपुगेका छौं,' उनले प्रभावसँग भने, 'हामी जनताको तहबाट सरकारलाई निरन्तर र प्रभावकारी ढंगले खबरदारी गर्छौं ।'

प्रतिनिधिसभाको पाँचौं दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि प्रतिपक्षमा पुगेको छ । यो दल भने एमालेभन्दा चार दिन कम अर्थात् १३ फागुनमा दुई महिना तीन दिन सत्तामा बसेर बाहिरियो । यो दल आज पनि प्रतिपक्षीय बेञ्चमा बस्दै छ ।



> जनताको मुद्दा थप सशक्त उठाउने अवस्थामा हामी आइपुगेका छौं । हामी जनताको तहबाट सरकारलाई निरन्तर र प्रभावकारी ढंगले खबरदारी गर्छौं ।
>
> ■ **महेश बस्नेत**
> एमाले सांसद

प्रतिपक्षी दलको रूपमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) पनि छ । कुनै पनि दल नेतृत्वको सरकारमा नेमकिपाले सहभागिता जनाएको छैन । यसकारण पनि यो दललाई सरकारको 'स्थायी प्रतिपक्षी' भन्ने गरिन्छ ।

प्रतिनिधिसभाको चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिपक्षमै बस्छ कि सत्तापक्षमा ? निक्र्योल गरेको छैन । सरकारबाट यो दल १४ माघमै बाहिरिएको हो । सर्वोच्च अदालतले पार्टी सभापति तथा तत्कालीन गृहमन्त्री रवि लामिछानेको सांसद पद खारेज गरेसँगै मन्त्री पद गुमाउनुपर्दा अन्ततः सरकारबाट बाहिरिएको थियो । तर, सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन । यसले गर्दा रास्वपा सत्तापक्षमै बस्ने विश्लेषण हुँदै आएको छ । यद्यपि, यसअघि सरकारमै रहँदा पनि प्रतिपक्षमा भएजसरी सरकारलाई खबरदारी गर्न प्रश्न गर्ने लामिछानेले बताएका थिए । जुन अभिव्यक्तिलाई त्यसबेला उनको 'अपरिपक्व संसदीय राजनीति' भनेर कतिपयले टिप्पणी गरेका थिए ।

उक्त दलका एक जना सांसदका अनुसार गृहमन्त्रीसहित (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

### साउदी जेलमा नेपाली


# अधिकांश मदिरा ओसारपसारका अभियुक्त

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगी विभिन्न कारणले जेल परेका नेपालीमध्ये अधिकांश मदिरा ओसार पसार (कारोबार) गर्ने रहेको बताइएको छ । रियादस्थित नेपाली दूतावासले आफ्नो आधिकारिक फेसबुक पेजमार्फत लाइभ जानकारी दिँदै अधिकांश नेपालीहरू मदिरा ओसारपसारको अभियोगमा जेल परेको उल्लेख गरेको छ ।

दूतावासले साउदीको सेन्ट्रल जेलमा रहेका नेपालीहरूको संख्यालाई आधार मान्दै जेल परेकामध्ये अधिकांशलाई मदिरा कारोबारमा संलग्न रहेको अभियोग लागेको जनाएको छ । दूतावासले हालै सञ्चालनमा ल्याएका विभिन्न अनलाइन प्रणालीको बारेमा जानकारी दिने क्रममा श्रम काउन्सिलर देवेन्द्र कार्कीले साउदीको सेन्ट्रल जेल निरीक्षण गर्दा झण्डै १५० नेपालीहरू बन्दी रहेका र त्यसको ८० प्रतिशत मदिरा ओसारपसार र खरिद बिक्रीमा संलग्न भएको अभियोगमा जेल परेको बताए ।

नेपालीहरू मदिरा कारोबारको अभियोगमा जेल पर्नु दुःखद रहेको भन्दै कार्कीले गैरकानुनी क्रियाकलापमा संलग्न नहुन र साउदीको कानुनबारे जानकारी राख्नुपर्ने बताए । साउदी कानुनमा मदिरा उत्पादन, सेवन र बिक्री बितरण गर्नु अपराध मानिएको भन्दै कार्कीले यस्तो गतिविधिमा संलग्नलाई जेल सजायसहित ठूलो रकम जरिवाना हुने हुँदा सचेत रहन उनले आग्रह गरे । कार्कीका अनुसार मदिरा बिक्रीवितरणको मात्राका आधारमा


सांकेतिक तस्बिर

छ महिनादेखि वर्षौंसम्म जेल सजाय र जरिवाना भुक्तान गर्नुपर्छ ।

उनले जेलमा पुगेर नेपालीहरूलाई भेट्दा चिनजानकै मान्छेबाट अर्थात् नेपालीहरूबाटै उल्लिखित कार्यमा लगाई जेलसम्म पुग्नुपरेको र ठगिएको गुनासो गरेको बताए । 'जेलमा गएर जति नेपालीलाई भेटियो उहाँहरू सबैले चिनेकै साथीभाइ र नेपालीले अह्राएर गरेको कामले जेल सजाय भोग्नुपरेको बताउनुभयो,' कार्कीले भने, 'कानुन थाहा नभएका, भर्खर साउदी आएका नेपाली आफैं पनि सचेत रहन र आफ्नै दाजुभाइलाई फसाउने घृणित कार्य नगर्न आग्रह छ ।'

केही नेपालीले धेरै नेपालीलाई दुःख दिइरहेको र यसबारे दूतावासले पनि निगरानी गरिरहेको कार्कीले जानकारी दिए । 'यस्ता क्रियाकलापमा संलग्न हुनेहरूका बारेमा दूतावासलाई जानकारी दिनुहोला, बढी पैसा कमाउने प्रलोभनमा परेर आफ्नो जिन्दगी खराब नगर्नूस्,' उनले भने, 'जे कामका लागि आउनुभएको हो त्यही काम गर्नुस् र नेपाली भएर दुःख गर्न आएको अर्को नेपालीलाई ठगेर लाभ लिने कल्पना नगर्नूस् ।'

क्षणमै पैसा कमाउने र धनी हुने लोभमा परेर कतिपय नेपालीहरू गैरकानुनी कार्यमा संलग्न रहेको पाइएको भन्दै कार्कीले आफ्नो महत्त्वाकांक्षा त्याग्न र त्यस्तो धन्दामा नलाग्न आग्रह गरे । त्यस्तै काम गर्ने सिलसिलामा धेरै तलब पाइने आशामा कसैले कम्पनी छोड्छ वा भाग्छ भने त्यो पनि गैरकानुनी हुने जनाउँदै त्यस्तो कार्य गर्न नेपाली, बंगाली वा अन्य कसैले लोभ देखाएमा पनि सचेत हुनुपर्ने उनको भनाइ छ । कम्पनी छाडेमा ठूलो जरिवानामा पर्ने र स्वदेश फिर्तीमासमेत समस्या हुने उनले बताए । तसर्थ साउदी आउनुपूर्व सम्पूर्ण जानकारी लिएर मात्र आउन कार्कीले आग्रह गरे ।

## थप १०० जनालाई एक्जिट भिसा

साउदी पुगेर विभिन्न समस्यामा परी कठिनाइमा परेका थप १०० जना नेपाली कामदारले 'एक्जिट भिसा' (वहिर्गमन) पाएका छन् । साउदीको अध्यागमन कार्यालय (जवाजत)को नयाँ नियमअनुसार हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूले एक्जिट भिसा पाएका हुन् ।

अध्यागमनको नियमानुसार एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले जतिसक्दो चाँडो साउदी छोडिसक्नुपर्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ । यसरी एक्जिट भिसा प्राप्त हुने कामदारहरूमा इकामा नभएका विभिन्न समयमा रियादबाट प्रोसेसिङ गरेका ६६ जना र हुरुब लागेका ३४ जना रहेका छन् ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालसँग मात्रै हुने दूतावासले जानकारी दिएको छ ।


**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# सार्वजनिक बस व्यवस्थापनमा सकस

■ अच्युत रेग्मी

**काठमाडौं–** मुलुकको संघीय राजधानीमा रहेको काठमाडौं महानगरपालिकालाई बस व्यवस्थापनमा सकस परेको छ । देशका अधिकांश जिल्लाबाट यात्रु बोकेर काठमाडौं आउने सार्वजनिक यातायातलाई व्यवस्थापन गर्नका लागि गोंगबुस्थित नयाँबसपार्क र पुरानो बसपार्क सञ्चालनमा आए पनि सार्वजनिक बस बसपार्कभित्र छिर्न नमान्दा बस व्यवस्थापनमा सकस भएको हो । पुरानो बसपार्क भने अहिले सञ्चालनमा आएको छैन ।

काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने सार्वजनिक सवारीसाधनलाई व्यवस्थित तथा पार्किङ गर्नका लागि काठमाडौं महानगरपालिकाले वि.सं. २०५६ मा ल्होत्से बहुउद्देश्यीय प्रालिसँग सम्झौता गरी नयाँ बसपार्क सञ्चालनमा ल्याए पनि कतिपय सार्वजनिक बस नयाँ बसपार्क छिर्न नमान्दा सार्वजनिक बस सञ्चालनमा सकस भएको हो ।

विशेषगरी अहिले काठमाडौंबाट पृथ्वी राजमार्गअन्तर्गत पोखरा, लमजुङ, बागलुङ, म्याग्दीलगायतका क्षेत्रमा चल्ने माइक्रोबस गोंगबुदेखि नयाँ बसपार्क बीचको मुख्य सडक छेउबाट चल्ने गरेका छन् । यस्तै, धादिङ, रसुवा नुवाकोट जाने सवारीसाधन माछापोखरी र गोरखा चल्ने माइक्रोबस बालाजु क्षेत्रबाट चल्ने गरेका छन् ।

गोंगबु चोकदेखि बालाजु चोकसम्मको दुई किलोमिटर दूरीमा नयाँ बसपार्क सञ्चालनमा रहे पनि अधिकांश माइक्रोबस तथा ठूला बस सडक छेउबाटै सञ्चालन हुँदै आएका छन् । ट्राफिक प्रहरीले काठमाडौं महानगरपालिका, यातायात व्यवसायी, यातायात व्यवस्था विभागलगायत सरोकारवाला निकायसँगको छलफलमा रातिको समयमा सञ्चालन हुने सवारीसाधनलाई नयाँ बसपार्कबाट सञ्चालन गर्ने निर्णय गरे पनि कतिपय सवारीसाधन भने अहिले पनि चक्रपथ वरपरका सडकबाट सञ्चालन हुँदै आएका छन् ।

जनकपुर, वीरगञ्ज, बारा, पर्सालगायतका क्षेत्रमा चल्ने रात्रिकालीन सवारीसाधन अहिले पनि गौशालाबाट चल्दै आएका छन् । यस्तै, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा र रामेछाप चल्ने सवारीसाधन पुरानो बसपार्क हुँदै कोटेश्वर सडक किनाराबाट सञ्चालन हुँदै आएका छन् । चितवन, नवलपरासी क्षेत्रमा चल्ने माइक्रोबस कलंकी र हेटौंडा चल्ने सुमोबस बल्खुबाट चल्दै आएका छन् ।

सार्वजनिक यातायातलाई व्यवस्थित गर्नका लागि काठमाडौं महानगरपालिकाले वडा नं २६ गोंगबुस्थित विष्णुमति खोला किनारामा १६१ रोपनी क्षेत्रफलमा झण्डै दुई हजार सार्वजनिक सवारीसाधन अट्न मिल्ने पार्किङ बनाए पनि कडा नीति नहुँदा अधिकांश सवारीसाधन सडकबाटै सञ्चालन हुँदै आएका छन् ।

काठमाडौं महानगरपालिकाका यातायातविज्ञ जगतमान श्रेष्ठ सबै सार्वजनिक सवारीसाधनलाई नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्ने गरी गृहकार्य थालिएको बताउँछन् । 'काठमाडौं महानगरपालिकाले लामो तथा छोटो दूरीका सार्वजनिक सवारीसाधन पार्किङका लागि नयाँबसपार्कमा १६१ रोपनी जग्गा उपलब्ध गराएको छ, सबै सवारीसाधन बसपार्कभित्रबाट सञ्चालन हुनुपर्छ,' उनी भन्छन् ।

बसपार्कमा सवारीसाधन नअटाए त्यसको विकल्प खोजिने उनको भनाइ छ । काठमाडौं महानगरपालिकाले महानगरपालिकाभित्रको ट्राफिक जाम घटाउन र निजी सवारीसाधन पार्किङका लागि आवश्यक अध्ययन गरिरहेको श्रेष्ठ बताउँछन् ।

हाल चक्रपथ विस्तार आयोजनाअन्तर्गत कलंकीदेखि बालाजु-चाबहिल हुँदै कोटेश्वरसम्म दोस्रो चरणको काम भइरहेकाले सडकबाट बस सञ्चालन गर्न कठिनाइ भइरहेको व्यवसायी बताउँछन् । लमजुङ माइक्रोबस कम्पनीका कर्मचारी विष्णु खत्रीले नयाँ बसपार्कभित्र माइक्रोबस लैजाँदा माइक्रोबसले बोक्ने यात्रु ठूला बसले बोक्दा माइक्रोबसले यात्रु नपाउने डरले आफूहरूलाई बसपार्कभित्र जान समस्या परेको बताए । 'हामीलाई सडकबाट माइक्रोबस गुडाउने रहर छैन, नयाँ बसपार्कभित्र ठूला बस र माइक्रोबसका लागि छुट्टाछुट्टै पार्किङको व्यवस्था हुनुपर्छ,' उनी भन्छन् ।

काठमाडौंको चक्रपथ वरपर मुख्य सडकमा टिकट काउन्टर र जथाभावी बस पार्किङ गर्दा उपत्यकाको ट्राफिक व्यवस्थापनमासमेत समस्या हुने गरेको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार लामो दूरीका सवारीसाधन चक्रपथको बाटो भएर ओहोरदोहोर गर्दा ट्राफिक व्यवस्थापनमा असहज हुने गरेको हो ।

कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्ट लामो दूरीका सवारीसाधन चक्रपथ वरपर सडकमा पार्किङ गर्दा उपत्यकाको ट्राफिक व्यवस्थापनमा समस्या हुने गरेको बताउँछन् । 'लामो तथा छोटो दूरीका सवारीसाधन गोंगबुस्थित नयाँ बसपार्क र पुरानो बसपार्कबाट सञ्चालन हुनुपर्छ, साँघुरो सडकमा जथाभावी सवारी पार्किङ गर्दा लामो समयसम्म सवारी जाम हुने गरेको छ,' उनी भन्छन् ।

प्रवक्ता भट्ट चक्रपथ वरपरका ठाउँमा जथाभावी पार्किङ गर्ने सवारीसाधनलाई ट्राफिक प्रहरीले उच्च निगरानी राखी कारबाही गर्दै आएको बताउँछन् । ट्राफिक प्रहरी कार्यालयका अनुसार हाल काठमाडौं उपत्यकामा १९ लाख हाराहारीमा सवारीसाधन सञ्चालनमा छन् भने एक हजार ५०० हाराहारीमा ट्राफिक जनशक्ति कार्यरत छन् ।

पछिल्लो समय राजधानी काठमाडौंलगायत देशभर निजी तथा सार्वजनिक सवारीसाधनको संख्या वृद्धि हुँदा र बाटोको विस्तार नहुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएको छ । *रासस*

# राष्ट्रपतिले गरे कुमारीको दर्शन



**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार वसन्तपुरस्थित कुमारी घर पुगेर जीवित देवी कुमारीको दर्शन गरेका छन् ।

शनिबार अपराह्न वसन्तपुरस्थित कुमारी घर पुगेका राष्ट्रपति पौडेलले कुमारीको दर्शन गरी प्रसाद ग्रहण गरेका उनका प्रेस संयोजक खिला कार्कीले जानकारी दिए ।

राष्ट्रपतिलाई कुमारी घरका अध्यक्ष गौतमरत्न शाक्य, प्रतिनिधिसभा सदस्य सपना राजभण्डारी, प्रदेशसभा सदस्य शैलेन्द्रमान बज्राचार्यलगायतले कुमारी घरमा स्वागत गरेका थिए । राष्ट्रप्रमुख भएपछि जीवित देवी कुमारीको दर्शन गर्न जाने परम्पराअनुसार राष्ट्रपति पौडेल दर्शन गर्न गएका हुन् । राष्ट्रपति पौडेल कुमारीको दर्शन गर्न जाँदा सडक खाली नगरी गएका थिए ।

कुमारीको दर्शनपछि राष्ट्रपति पौडेलले प्रसाद ग्रहण गर्नुका साथै कुमारी घरमा चियापान गरेर फर्किएका थिए । राष्ट्रपति पौडेलले पहिलोपल्ट कुमारी घरमा चिया पिएका हुन् । यसअघि राष्ट्र प्रमुखले कुमारी घरमा चिया पिउने चलन थिएन ।

यसअघि शनिबार नै कुमारी घरको प्रतिनिधिमण्डलले राष्ट्रपतिनिवास शीतलनिवास पुगेर राष्ट्रपति पौडेललाई बधाई दिएको थियो । कुमारी घरमा हरेक महिनाको दशमीको दिन जीवित देवी कुमारीको पूजा हुने र एकादशीका दिन राष्ट्रप्रमुखसमक्ष सो पूजाको प्रसाद पुऱ्याउने परम्परा छ ।

# आइटिसीको पाँचौं सम्मेलन थाइल्याण्डमा

**काठमाडौं (प्रस)–** अन्तर्राष्ट्रिय तामाङ परिषद् (आइटिसी)को पाँचौं सम्मेलन थाइल्याण्डको बैंककमा हुने भएको छ । आगामी जेठ २० र २१ गते हुने सम्मेलनमा विश्वभरका विभिन्न देशमा क्रियाशील परिषद्को दुई दर्जन बढी स्थायी, राष्ट्रिय र सम्बन्धन सदस्यबाट ५०० जना प्रतिनिधिको उपस्थिति हुने परिषद्का महासचिव मोहन गोले तामाङले जानकारी दिए ।

सम्मेलन सम्पन्न गर्नका लागि मूल व्यवस्थापनको जिम्मेवारी तामाङ समाज थाइल्याण्ड र तामाङ समाज म्यानमार (बर्मा) लाई दिइएको परिषद्का उपाध्यक्ष टासी लामाले जानकारी दिए ।

परिषद्को पाँचौं सम्मेलनबाट संसारभर रहेका तामाङ जातिको एकतालाई सांस्कृतिक, सामाजिक, राजनीतिक, आर्थिकरूपमा जोड्दै नीति र नेतृत्व चयनका लागि विभिन्न व्यक्तिहरूको संयोजकत्वमा सम्मेलन व्यवस्थापन समिति, विधान मस्यौदा समिति, सांगठनिक तथा आर्थिक समिति, सांस्कृतिक पुनःस्थापना कार्ययोजना समिति, समसामयिक प्रस्ताव समिति गठन गर्नुका साथै अध्यक्ष मण्डल र निर्वाचनमण्डल समेत गठन गरेको जनाएको छ ।

परिषद्मा जुन मुलुकले सम्मेलनको आयोजना गर्छ, त्यही मुलुकको अध्यक्ष हुने व्यवस्था छ । त्यसै अनुरूप पाँचौं सम्मलेनबाट थाइल्याण्डले अध्यक्ष पाउनेछ । हाल भारतका केएम तितुङ अध्यक्ष रहेका छन् ।

## आज स्ववियु...

पृष्ठ १ बाट जारी

निर्वाचन कार्यतालिका प्रकाशन भएसँगै क्याम्पसमा भर्ना पनि बन्द गरेकाले निर्वाचन गर्न सहज भएको अधिकारी बताउँछन् । स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्यसचिवसमेत रहनुभएका अधिकारीले सबै क्याम्पसले निर्वाचनको तयारी गरिसकेको बताए । केही क्याम्पसमा विद्यार्थी संगठनबीच सहमति हुन नसक्दा निर्वाचन प्रक्रिया अगाडि नबढेको उनको भनाइ छ । ती क्याम्पस यथाशीघ्र निर्वाचन प्रक्रिया थाल्न निर्देशन दिइसकेको समेत अधिकारीले बताए ।

अनेरास्ववियुका अध्यक्ष समिक बडाल प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन नहुँदा विद्यार्थी आकर्षण घटेको बताउँछन् । उनले १४ वर्षपछि हुन थालेको स्ववियु निर्वाचनका कारण विद्यार्थी उत्साहित भएको बताए । 'नेतृत्व उत्पादन गर्ने नर्सरीका रूपमा रहेको स्ववियु निर्वाचन नियमित हुन सकेको थिएन,' उनले भने, 'अब स्ववियु निर्वाचन हुँदै छ । यसले विद्यार्थी आन्दोलनलाई थप बल पुऱ्याउँछ ।'

अनेरास्ववियु (क्रान्तिकारी)का महासचिव दीपेश पुनले स्ववियु निर्वाचन नहुँदा विद्यार्थी आन्दोलन कमजोर भएको बताए । सबै विद्यार्थीको एक मात्र एजेण्डा यही भएकाले स्ववियु निर्वाचन सम्भव भएको उनी बताउँछन् । 'स्ववियुलाई सबै विद्यार्थी संगठनले बचाउने प्रण गरौं,' उनले भने, 'विद्यार्थी आन्दोलन कमजोर भयो भन्ने हाम्रो निष्कर्ष निकालेर निर्वाचन गर्न थालेका हौं ।'

अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले आज हुने स्ववियु निर्वाचनले विद्यार्थी आन्दोलनको उचाइ बढाउने बताए । उनले विगतमा त्रिवि पदाधिकारी नचाहेर स्ववियु निर्वाचन हुन नसकेको भन्दै यसपटक विद्यार्थी संगठन स्ववियु निर्वाचनमा एक भएकाले सम्भव भएको बताए । नेपाल विद्यार्थी संघका नेता दिनेश शाहीले विद्यार्थी संगठन स्ववियु निर्वाचनका सन्दर्भमा एक भएकाले यो सम्भव भएको बताए । उनले निर्वाचनले विद्यार्थीको नेतृत्व विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

स्ववियु निर्वाचनमा अधिकांश क्याम्पसमा सत्तारूढ गठबन्धनका विद्यार्थी संगठन नेपाल विद्यार्थी संघ, अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियुले तालमेल गरेका छन् ।

खेलकुद निर्देशनालयका निर्देशक अधिकारीका अनुसार स्ववियु निर्वाचन २०१८/१९ सालदेखि भएको इतिहास रहेको छ । वि.सं. २०३० देखि प्रत्येक वर्ष हुने स्ववियु निर्वाचन २०३६ सालबाट नियमित दुई/दुई वर्षमा हुन थालेको हो । वि.सं. २०६५ सम्म नियमित भएको स्ववियु निर्वाचन त्यसयता मुलुकमा गणतन्त्र आइसकेपछि हुन सकेन । वि.सं. २०७३ मा पहिलो पटक मिश्रित निर्वाचन प्रणाली र २८ वर्षे उमेर हदबन्दी लगाएर निर्वाचन भयो । तर, उक्त निर्वाचन धेरै क्याम्पसमा हुन सकेन । वि.सं. २०७३ मा उपत्यकाका नौ र उपत्यकाबाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो ।

वि.सं. २०७३ देखि स्ववियु निर्वाचन मिश्रित प्रणालीमा हुन थालेको छ । यसपटक पनि स्ववियु निर्वाचन मिश्रित निर्वाचन प्रणालीमा हुन थालेको हो । अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने छन् ।

यस्तै स्ववियु निर्वाचनमा उम्मेदवारका लागि उमेर हदबन्दी तोकिएको छ । वि.सं. २०५१ चैत २८ गतेपछि जन्मिएका विद्यार्थी मात्र उम्मेदवार हुन पाउने व्यवस्था गरिएको छ ।

पानीका बोतल, पेट्रोल, डिजेल, मादक पदार्थ, औषधिजन्य वस्तु, सिसाका बोतल, रंग, मसी मतदानस्थलमा लैजान निषेध गरिएको छ । यस्तै, मोबाइल, क्यामेरा, झोला, लौरो, हेलमेट, चाबी, लाइटर, सलाई, नङकट, धारिलो हतियार, भाला, खुकुरी, चक्कु, छुरीजस्ता वस्तु मतदानस्थलमा लैजान प्रतिबन्ध गरिएको छ । स्ववियु निर्वाचनका लागि मतदानको समय आज बिहान ८ देखि दिउँसो ४ बजेसम्म तोकिएको छ । *रासस*

# चार क्याम्पसमा विद्युतीय मतदान

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)को आज हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा मतदानका लागि चार आंगिक क्याम्पसले विद्युतीय मेसिन प्रयोग गर्ने भएका छन् ।

त्रिवि केन्द्रीय क्याम्पस, पुल्चोक इञ्जिनियरिङ क्याम्पस, थापाथली इञ्जिनियरिङ क्याम्पस र पूर्वाञ्चल इञ्जिनियरिङ क्याम्पस धरानले मतदानमा विद्युतीय मेसिन प्रयोग गर्ने भएको स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्य सचिव प्रा. पशुपति अधिकारीले जानकारी दिए । ती सबै क्याम्पसमा रामलक्ष्मण इनोभेसन प्रालिका विद्युतीय मतदान मेसिन प्रयोग गरिनेछ ।

रामलक्ष्मण इनोभेसन प्रालिका सञ्चालक लक्ष्मण रिमालले विद्युतीय मतदानका लागि सबै तयारी पूरा गरिएको जानकारी दिए । उनका अनुसार त्रिवि केन्द्रीय क्याम्पसमा १६, पुल्चोक इञ्जिनियरिङमा १४, थापाथली इञ्जिनियरिङ क्याम्पस र पूर्वाञ्चल इञ्जिनियरिङ क्याम्पसमा १२/१२ विद्युतीय मेसिन प्रयोग गरिनेछ । उनले चार क्याम्पसमा मतपरिणाम सोही दिन सार्वजनिक हुने बताए ।

## प्रतिपक्षमा...

पृष्ठ १ बाट जारी

पहिलेकै अन्य मन्त्रालय पाएको अवस्थामा सरकारमा जान तयार छ । उसो त रविले नै अझै गृह मन्त्रालयसहितका हामीले पाएका मन्त्रालय पाए सरकारमा जाने यसअघि नै बताएका थिए । त्यही भएर सरकारबाट बाहिरिए पनि समर्थन फिर्ता नलिएको हुनसक्ने ठानिएको छ । र, रास्वपा सत्तापक्ष कि प्रतिपक्षमा रहनेबारे टुंगो आजै लाग्नेछ ।

यसरी एमाले र राप्रपा पनि प्रतिपक्षमा पुग्दा सत्ताविमुख भइसकेको कांग्रेस सत्तामा फर्किने भएको छ । १० पुसमा प्रधानमन्त्री र राष्ट्रपति दुवै पद कांग्रेसले लिने अडान सभापति देउवाले राखेपछि माओवादी अध्यक्ष दाहाल बिच्किँदा कांग्रेस सत्ताविमुख बनेको थियो । तर, राष्ट्रपति निर्वाचनमा राष्ट्रिय सहमति कायम गर्ने प्रधानमन्त्री दाहालको अड्डीले एमालेलाई प्रतिपक्षमा पुऱ्यायो भने कांग्रेसलाई सत्ता प्रवेशको ढोका खोलिदियो ।

कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेले सरकारमा जाँदा कुन-कुन मन्त्रालय लिने र प्रधानमन्त्री दाहाललाई विश्वासको मतबारे निर्णय गर्न आजै कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक बस्ने बताए । उनका अनुसार बैठक आज बिहान १०:३० बजे संसद् भवनको ल्होत्से हलमा बस्ने तय भएको छ । 'बैठकमा हामी सत्तापक्षको बेञ्चमा बस्नेबारे छलफल गर्नेछौं । सरकारमा कति मन्त्रालयमा दाबी गर्ने र प्रधानमन्त्रीजीलाई विश्वासको मत दिने भन्ने विषय नै छलफलको केन्द्रबिन्दु हुने छन्,' उनले भने ।

कांग्रेससँगै सत्तापक्ष भएको दल माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी हो । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र राष्ट्रिय जनमोर्चा पनि हो । यसअघि नै सत्तापक्षमा जनता समाजवादी पार्टी (जसपा) र नागरिक उन्मुक्ति पार्टी थिए । तर, सरकारमा भने सहभागी थिएनन् । अब, भने दुवै दलले सरकारमा सहभागी हुने मनस्थिति बनाएका छन् ।

हाल दाहाल नेतृत्वको सरकारमा उनको दल माओवादी र डा. चन्द्रकान्त (सिके) राउत नेतृत्वको जनमत पार्टी मात्रै छन् । यी दलहरू भएको गठबन्धनमा थपिएका प्रभु साह नेतृत्वको आम जनता पार्टीचाहिँ सरकारमा सहभागी हुन्छ कि हुँदैन ? निश्चित भइसकेको छैन ।




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


चैत ५ गते, आइतबार

| | |
|---|---|
| मेष | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| वृष | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| मिथुन | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| कर्कट | अरुले आलोचना पनि गर्न सक्छन् । |
| सिंह | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| कन्या | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| तुला | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| वृश्चिक | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| धनु | असर पर्नसक्छ |
| मकर | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| कुम्भ | परोपकारमा रुचि बढ्नेछ । |
| मीन | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत ५ गते, २०७९, १९ मार्च, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रेन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**घरमै नागरिकता** जिल्ला प्रशासन कार्यालय नुवाकोटका सहायक प्रमुख जिल्ला अधिकारी बेदनिधि अधिकारी शनिबार जिल्लाको बेलकोटगढी नगरपालिका–३ निवासी पूर्णरूपमा शारीरिक अशक्त १७ वर्षीया रोजिना बजगाईलाई घरमै पुगेर नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्दै । *तस्बिरः रामहरि न्यौपाने/रासस*

# सभामुखको अभिव्यक्तिप्रति महासंघको आपत्ति

**काठमाडौं (प्रस)–** नेपाल पत्रकार महासंघले सभामुख देवराज घिमिरेको अभिव्यक्तिले समग्र सञ्चार क्षेत्रको आत्मसम्मानमा गम्भीर चोट पुगेको भन्दै आपत्ति जनाएको छ ।

महासंघका महासचिव रोशन पुरीले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै संसद्को मुख्य नेतृत्वबाट पदीय हैसियत र मर्यादाविपरीत सञ्चार क्षेत्रप्रति आधारहीन र आपत्तिजनक अभिव्यक्ति दिएको भन्दै आपत्ति जनाएका हुन् । शुक्रबार संघीय संसद्ले बनाउने सञ्चार क्षेत्रसँग सम्बन्धित कानुनका विषयमा छलफल गर्न र सभामुखलाई बधाई ज्ञापन गर्ने कार्यक्रममा सभामुख घिमिरेले दिएको अभिव्यक्तिप्रति महासंघले असन्तुष्टि जनाएको हो ।

विज्ञप्तिमा सार्वभौम संसद्को मूल नेतृत्वबाटै आफ्नो पदीय हैसियत र मर्यादाविपरीत सञ्चार क्षेत्रप्रति आधारहीन र आपत्तिजनक अभिव्यक्ति प्रकट हुनु अत्यन्त दुःखद् भएको उल्लेख छ । उक्त अभिव्यक्तिले यस क्षेत्रको विश्वसनीयता र व्यावसायिकतामा आँच आउन सक्नेतर्फ महासंघले गम्भीर चासो र चिन्ता प्रकट गरेको उनको भनाइ छ ।

विज्ञप्तिमा सभामुखको अभिव्यक्तिप्रति तत्काल नै महासंघको नेतृत्वले सभामुखको सचिवालयमार्फत ध्यानाकर्षण गराएको र सभामुखबाटै उक्त आधारहीन अभिव्यक्ति फिर्ताका लागि आग्रह गरेको बताइएको छ ।

# हिमाल सफाइ अभियानमा सेना

■ नारायण न्यौपाने

**काठमाडौं–** नेपाली सेनाले विश्वको सर्वोच्च शिखर सगरमाथासहित चारवटा हिमालमा 'सफा हिमाल अभियान २०२३' सञ्चालन गर्ने भएको छ । उक्त अभियानअन्तर्गत सगरमाथा, ल्होत्से, बरुन्चे र अन्नपूर्ण हिमालबाट कुहिने र नकुहिने गरी ३५ हजार केजी फोहोर संकलनको लक्ष्य राखिएको छ । उक्त अभियानका क्रममा सगरमाथाबाट १० हजार, ल्होत्सेबाट पाँच हजार, बरुन्चेबाट १० हजार र अन्नपूर्णबाट १० हजार केजी फोहोर संकलन गर्ने लक्ष्य रहेको सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले जानकारी दिए ।

प्रकृति र पर्यावरण प्रभावकारी संरक्षणका निम्ति विश्वका अग्ला हिमालको स्वच्छता कायम राख्ने सरकारको राष्ट्रिय कार्यक्रम कार्यान्वयनलाई सेनाले प्राथमिकतामा राखेको छ । विश्व वातावरणमा परेको प्रतिकूल असरबारे सचेतना फैलाउन र हिमशृंखलाको मनोरम सौन्दर्यलाई अक्षुण राख्ने सेनाले सन् २०१९ देखि सफा हिमाल अभियान सञ्चालन गर्दै आएको छ ।

सन् १९५३ मा तन्जिङ नोर्गे र एडमण्ड हिलारीले सगरमाथा आरोहण गरेयता सगरमाथामा मात्रै करिब १४ हजार टन फोहोर तथा ३०० भन्दा बढी मृत शरीर रहेको अनुमान गरिएको छ । सेनाको अगुवाइमा सफाइसँग सरोकार राख्ने विभिन्न सरकारी एवं गैरसरकारी संघ संस्थासँगको समन्वय र सहकार्यमा अभियान सञ्चालन हुँदै आएको छ ।

प्रदूषण नियन्त्रण र जलवायु परिवर्तनले पर्यावरणमा पुर्‍याएका असरलाई कम गर्ने तथा पर्वतीय अर्थतन्त्र अभिवृद्धि गर्ने लक्ष्यका साथ अभियान सञ्चालन गरिएको छ । पर्यटक र पर्वतारोहीलाई आकर्षित गर्न तथा भावी पुस्ताका लागि हिमाल संरक्षण गर्न अभियानले ठूलो योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।



यस वर्षको अभियानका लागि पूर्वतयारी र समन्वय तथा तालिम सञ्चालन र जनशक्तिको चयनसमेत भइसकेको छ । अभियानमा सगरमाथा र ल्होत्सेका प्रमुख सेनानीसहित १३, बरुन्चेमा सेनानीसहित नौ, अन्नपूर्णमा सहसेनानीसहित १० जना सैनिक टोलीसहित अन्य शेर्पा सहयोगी रहने छन् । सेनाका अनुसार, अभियान यही चैत १४ देखि आगामी जेठ २२ गतेसम्म सञ्चालन हुनेछ ।

यसअघि सन् २०१९ मा सगरमाथाबाट कुहिने र नकुहिने गरी १० हजार ८०० किलो र चार मानव मृत शरीर तथा सन् २०२१ मा सगरमाथा, ल्होत्से, पुमरी, मकालु, धौलागिरि र आमदब्लम हिमालबाट २७ हजार ६७१ किलो फोहोर संकलन भएको थियो ।

सेनाका अनुसार, सन् २०२२ मा सगरमाथा, ल्होत्से, मनास्लु र कञ्चनजंघा हिमालबाट कुहिने सात हजार १५७ र नकुहिने ३३ हजार ८७७ केजीसहित दुईवटा मानव कंकालसमेत संकलन गरिएको थियो । सेनाको नेतृत्वमा अभियानमा पर्यटन र वातावरण विभाग, खुम्बु पासाङ ल्हामु र अन्नपूर्ण गाउँपालिका, सगरमाथा राष्ट्रिय निकुञ्ज प्रशासन कार्यालय, हिमालय रेस्क्यु एसोसिएसन, एक्सपिडिसन अपरेटर एसोसिएसन, पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघ, ट्रेकिङ एसोसिएसन अफ नेपालको सहभागिता रहनेछ ।

सगरमाथा प्रदूषण नियन्त्रण कमिटी, कञ्चनजंघा र मनास्लु संरक्षण आयोजना, विभिन्न प्रदेश तथा स्थानीय तह, अन्तर ाष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रको समेत अभियानमा सहकार्य हुनेछ । प्रकृतिका अनुपम वरदानमध्ये मोतीजस्तै टल्कने हिमाली शृंखलाले नेपाललाई विश्वमै परिचित र समृद्ध तुल्याएको छ ।

नेपाल र नेपालीको पहिचानलाई सगरमाथाको उचाइले संसारभर नै गौरव बढाएको छ । सगरमाथासहित नेपालका विभिन्न हिमाल आरोहणको यात्रामा स्वदेशी तथा विदेशी गरी हजारौंको सहभागी भइसकेका छन् । पछिल्ला वर्षमा हिमाल आरोहण देखिएको आकर्षणले हिमाल र हिमाली क्षेत्रमा भएको प्रदूषणले हिमालको साख र सुन्दरता कायम राख्न चुनौती खडा गरेको छ ।

सोही पक्षलाई दृष्टिगत गर्दै सेनाले प्रकृति र पर्यावरण संरक्षणमा सहयोग गर्ने हेतुले 'सफा हिमाल अभियान' सञ्चालनलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ । सेनाले वि.सं. २०७६ बाट सफा हिमाल अभियान सुरु गरेको हो । नेपालका हिमशृंखला विश्वका साहसिक पर्यटकको रोजाइको पहिलो गन्तव्य हुन् ।

अभियानअन्तर्गत संकलन गरिएका पुनः प्रशोधन गर्न सकिने फोहोर काठमाडौं ल्याइने गरिएको छ भने कुहिने फोहोर स्थानीय तहसँगको सहकार्यमा तत्तत् क्षेत्रमै व्यवस्थापन गरिँदै आएको छ । अभियानका क्रममा समुदायसँग सहकार्य गर्दै सम्बन्धित हिमालसम्म पुग्ने पदमार्ग र इलाकामा पर्ने बस्तीमा फोहोर सफा गर्नुभन्दा फोहोर नै हुन नदिन सचेतना कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ । सफा हिमाल अभियान प्रकृति र पर्यावरण सरक्षणमा नयाँ आयाम बनेको प्रवक्ता भण्डारी बताउँछन् । अभियानका क्रममा सेनाको टोलीले तत्तत् हिमाल आरोणको प्रयास गर्नेछ । राष्ट्रिय सुरक्षा, प्रकृति संरक्षण, विकास निर्माण, विश्व शान्ति स्थापना र विपद व्यवस्थापनलगायत हिमाल संरक्षणमासमेत सेनाको महत्त्वपूर्ण योगदान हुँदै आएको छ । *रासस*

# 'गणतान्त्रिक नेपालको राष्ट्रपतिबाट जनताले गरेका अपेक्षाप्रति सचेत छु'

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले गणतान्त्रिक नेपालको राष्ट्रपतिबाट नेपाली जनताले गरेको अपेक्षा पूरा गर्ने प्रतिबद्धता जनाएका छन् । राष्ट्रपतिमा प्रतिनिधिसभा, प्रदेशसभादेखि राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सफलतापूर्वक सम्पन्न भएकामा सबैमा बधाई तथा धन्यवाद ज्ञापन गरे ।

राष्ट्रपति संस्थाले निर्वाह



निर्वाचित भएपछि संघीय सांसद र प्रदेशसभा सदस्यलाई राष्ट्रपति कार्यालयमा साक्षात्कार तथा धन्यवाद दिन शनिबार आयोजित समारोहमा उनले सो कुरा बताएका हुन् ।

संविधानको पालना र संरक्षणको दायित्वमा आफू प्रस्ट रहेको उनले बताए । 'संविधानको पालना र संरक्षण गर्ने विषय अबको प्रमुख दायित्व र कर्तव्य हुनेछ भन्ने प्रस्ट पार्न चाहन्छु,' उनले भने, 'गणतान्त्रिक नेपालको राष्ट्रपतिबाट नेपाली जनताले अपेक्षा गरेको व्यवहार र कार्यशैलीप्रति म सदैव सचेत छु र भविष्यमा पनि रहनेछु ।'

राष्ट्रपति पौडेलले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन, स्वाधीनताको रक्षा, संविधानको पालना र संरक्षण गर्ने संवैधानिक जिम्मेवारी नै आफ्ना मार्गनिर्देशक सिद्धान्त रहने बताए । उनले राष्ट्रपतिका काम, कर्तव्य तथा जिम्मेवारी वहन गर्दा संविधानप्रदत्त मर्यादा तथा संविधानका अक्षर र भावनालाई आत्मसात् गरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने राष्ट्रिय अभियानमा सरिक हुन सदैव तत्पर रहने उल्लेख गरे ।

राष्ट्रपति पौडेलले भने, 'संविधान निर्माण गर्ने प्रक्रियामा सहभागी रहेर काम गर्ने अवसर प्राप्त गरेका कारणले पनि संविधानले राष्ट्रपतिलाई दिएको काम, कर्तव्य र अधिकारप्रति म सचेत रहने विश्वास दिलाउन चाहन्छु । वर्तमान संविधानले नेपाल राष्ट्रलाई मार्गदर्शन गर्ने कुराप्रति सदैव सजग रहने प्रण गर्दछु ।' आवधिक निर्वाचन लोकतन्त्रको प्राणवायु भएको उल्लेख गर्दै उनले नेपालमा स्थानीय तह, गर्ने भूमिकाले संविधान र शासन व्यवस्थाको अभ्यास प्रभावित हुनेमा सजग रही निर्दिष्ट कार्यसम्पादन गर्दा निष्पक्षता, तटस्थता तथा विधिको पालनामा प्रतिबद्ध रहने राष्ट्रपति पौडेलले प्रण गरेका छन् । संविधानले नेपालका तमाम जनतालाई असिम अधिकार प्रदान गरेको उल्लेख गर्दै उनले यसको जगेर्ना गर्दै राष्ट्रलाई स्थायित्व दिन सबैको परम् कर्तव्य भएको बताए । पटक-पटकका नयाँ-नयाँ प्रयोग नेपालले भोग्न सहज नहुने उनको भनाइ थियो ।

निर्वाचित जनप्रतिनिधिले संविधान र कानुनको मर्म तथा भावनालाई अंगीकार नगरी शासन सञ्चालन गर्दा व्यक्ति मात्र नभएर संस्थाप्रति समेत नागरिकका आस्था र विश्वास गुम्दै जाने कुरामा सबै सचेत हुनुपर्नेमा राष्ट्रपति पौडेलको जोड थियो । लोकतान्त्रिक शासन व्यवस्थामा लोकतान्त्रिक संस्था बलिया र कानुनसम्मत भएनन् भने त्यस्ता संस्थाप्रति नागरिकका विश्वास धर्मराउने, व्यवस्थाप्रति वितृष्णा जाग्न सक्ने हुनाले यसतर्फ सबै सजग रहन जरुरी छ भन्नेमा आफू दृढ रहेको उनले बताए ।

'मुलुकमा अहिले पनि थुप्रै चुनौती छन् । कोभिड-१९ महामारीपछि विश्वव्यापीरूपमा देखिएको आर्थिक सुस्तताको असर नेपालमासमेत देखिन थालेको छ । संक्रमणकालीन न्यायको व्यवस्थापन, आर्थिक क्षेत्रमा देखिन थालेका असर एवं जलवायु परिवर्तनले देखापर्न थालेका असरको न्यूनीकरण तथा राजनीतिक उपलब्धिको रक्षा जस्ता विषयमा राष्ट्रिय सहमति र राष्ट्रिय एकताको आवश्यकता मैले देखेको छु' राष्ट्रपति पौडेलले भने ।

# पानीको संरक्षण गर्न सम्मेलन हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा पानीको संकट न्यूनीकरण गर्ने उपायहरूको खोजी गरी कार्यान्वयनमा ल्याउने उद्देश्यले 'वर्षातको पानी संकलन : पानीको संरक्षण र जलवायु परिवर्तनका असर सम्बोधन'सम्बन्धी राष्ट्रिय सम्मेलन हुने भएको छ ।

विश्व पानी दिवसका अवसरमा खानेपानी मन्त्रालयसँगको समन्वयमा स्मार्ट वास सोलुसन्स र वाटर एड नेपालले अन्य विभिन्न निकायको सहयोगमा उक्त दुई दिवसीय राष्ट्रिय सम्मेलन आयोजना गर्न लागेको हो ।

आयोजक समितिले सम्मेलनको तयारी पूरा भएको जनाएको छ । शनिबार यहाँ पत्रकार सम्मेलनको आयोजना गरी समितिका अध्यक्ष एवं स्मार्ट वास सोलुसन्स प्रालिका अध्यक्ष ई. रामदीप साहले सम्मेलनको तयारी पूरा भएको जानकारी दिएका हुन् ।

अध्यक्ष साहको अध्यक्षतामा आयोजक संस्था र सहयोगी संस्थाका प्रतिनिधिहरू सम्मिलित एक आयोजक समिति बनेको छ । त्यस्तै, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति सुनिलबाबु श्रेष्ठको अध्यक्षतामा एक प्राविधिक समिति बनेको छ । प्राविधिक समितिले सम्मेलनमा प्रस्तुत हुने कार्यपत्रको छनोट र सम्पादन गरी उपयुक्त ढाँचा तयारी गरिसकेको जनाएको छ ।

अध्यक्ष साहका अनुसार वर्षातको पानी संकलनार्थ प्राप्त अवसरलाई दिगो विकासको लक्ष्य प्राप्ति, जलवायु परिवर्तनको असर न्यूनीकरण तथा जल उत्पन्न प्रकोप न्यूनीकरणका सन्दर्भमा सम्बोधन गर्ने सम्मेलनको उद्देश्य छ ।

साथै, आमजनतामा पानीको महत्त्वको चेतना जगाउनु, उपयुक्त नीतिका लागि पैरवी चलाउनु र खानेपानीसम्बन्धी ज्ञान र उपयुक्त नवीनतम् प्रविधिको सार्वजनिकीकरण गर्ने उद्देश्यले उक्त सम्मेलन आयोजना गर्न लागिएको हो ।

यही मार्च १९ र २० मा काठमाडौंमा हुने सम्मेलनमा विभिन्न विषयका विज्ञद्वारा १६ कार्यपत्र प्रस्तुत हुने छन् । सम्मेलनमा चार प्राविधिक सत्र पनि हुने छन् । पहिलो दिन सम्मेलनको समुद्घाटन हुनेछ भने दोस्रो दिन सामूहिक बहस हुनेछ । सम्मेलनको समापनमा काठमाडौं घोषणा जारी गरिनेछ ।

स्मार्ट वासले खानेपानी मन्त्रालयको समन्वय र विभिन्न संस्थाको सहयोगमा २०२० पनि वर्षातको पानी संकलनसम्बन्धी राष्ट्रिय सम्मेलन गरेको थियो । सो सम्मेलनका स्रोत विज्ञको प्रस्तुति र नीति निर्माता तथा तीनै तहका सरकारमा खानेपानी क्षेत्रमा काम गरिरहेका नेतृत्व, प्राविधिक र उपभोक्ताबीच भएको ज्ञानको साझेदारीले काठमाडौं महानगरपालिकासहित विभिन्न निकायले पानी पुनर्भरण र वर्षातको पानी संकलन र उपयोगका अभ्यास थालेको आयोजक समितिका अध्यक्ष ई. साहले जानकारी दिएका छन् ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/१२/०१

यस कम्पनीको मिति २०७९/०७/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सूर्यतारा श्री सिने प्रा.लि. (प्रा.लि. नं. ४९३३७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०८/२५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सूर्यतारा श्री मिडिया प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**मोटरसाइकल हराएको सूचना**

**आत्माराम पोखरेल**को नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९।१२।०२ गते का.जि. किर्तिपुर न.पा.-१० स्थित रहेको टि.यु. क्रिकेट ग्राउण्ड बाहिर पार्किङ गरी राखेको ठाउँबाट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – बजार कम्पनीको पल्सर 150 CC
मो.सा. नं: Bagmati Province 02-042 Pa 0281
चेसिस नं. MD2ALLCXONPC19116
इन्जिन नं. DHXRN69986
रङ्ग – कालो/रातो
सम्पर्क – 9849464181

नेपाली सेना
**श्री नं.६ बाहिनी अड्डा**
बैरेनी व्यारेक धादिङ

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**सूचना नं. २०७९/०८०/०४**
(पहिलो पटक सूचना प्रकाशित मिति २०७९/१२/०५ गते ।

१. आ.व. २०७९/०८० मा यस बाहिनी अड्डामा रहेको भवनहरूको जस्ता फेर्ने कार्यको सिलबन्दी दरभाउपत्र (e–GP System) को माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान | जमानत रुकम रु. | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| 01/SQ/Works/ NA-6BDE/079/80 | भवनहरूको जस्ता फेर्ने | १५,८०,०००,०० | ४,०००.०० | २०७९/१२/२० गतेको १२:०० बजेको | २०७९/१२/२० गतेको १३:०० बजेको |

२. थप जानकारीको लागि फोन नं.०१०–४०३००६ मा सम्पर्क गर्नुहोला ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# स्ववियु निर्वाचन सफल बनाऊ

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरू अहिले निर्वाचनमय भएको छ । करिब १४ वर्षपछि आज ती क्याम्पसहरूमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुँदै छ । पटक–पटक स्थगित हुँदा निराश बनेका विद्यार्थीहरूमा स्ववियु निर्वाचनले उत्साह थपेको छ । निर्वाचनका लागि त्रिविअन्तर्गतका आंगिक र सम्बन्धन प्राप्त क्याम्पसले तयारी पूरा गरिसकेको जनाएका छन् । देशभरिका त्रिविका ६२ आंगिक क्याम्पस र एक हजार ४० क्याम्पसमा आज एकै दिन निर्वाचन हुँदै छ ।

विश्वविद्यालयमा अध्ययरत विद्यार्थी र तिनले आन्दोलनमार्फत गरेका सहमति कार्यान्वयन गर्न, क्याम्पस तथा विश्वविद्यालयको नीति निर्माण र कार्यान्वयनमा विद्यार्थी प्रतिनिधित्व सुनिश्चित गर्न, क्याम्पसमा शैक्षिक वातावरण कायम गर्न र विद्यार्थीको चौतर्फी विकासका लागि स्ववियु निर्वाचन हुँदै आएको छ । स्ववियु निर्वाचन २०६५ सालदेखि यता नियमित हुन सकेको छैन । वि.सं. २०५४ मा भएको स्थानीय तहको निर्वाचन एकै पटक गणतन्त्र आइसकेपछि २०७४ सालमा भएको थियो । अहिले स्ववियु निर्वाचन पनि करिब १४ वर्षपछि हुन लागेको हो ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीका अनुसार सरकार, राजनीतिक दल र विद्यार्थी संगठनको सहयोगका कारणले अहिले निर्वाचन सम्भव भएको हो । प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचनमा विगतमा धेरै पटक प्रयास भएका थिए । तर विद्यार्थी संगठनको कारणले सम्भव भएको थिएन । यसपटकको स्ववियु निर्वाचनमा अधिकांश क्याम्पसमा सत्तारूढ गठबन्धनका विद्यार्थी संगठन नेपाल विद्यार्थी संघ, अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियुले तालमेल गरेका छन् ।

स्ववियु निर्वाचन २०१८/१९ सालदेखि भएको इतिहास छ । वि.सं. २०३० देखि प्रत्येक वर्ष हुने स्ववियु निर्वाचन २०३६ सालबाट नियमित दुई/दुई वर्षमा हुन थालेको हो । वि.सं. २०६५ सम्म नियमित भएको स्ववियु निर्वाचन त्यसयता मुलुकमा गणतन्त्र आइसकेपछि हुन सकेन । वि.सं. २०७३ मा पहिलोपटक मिश्रित निर्वाचन प्रणाली र २८ वर्षे उमेर हदबन्दी लगाएर निर्वाचन भयो । तर, उक्त निर्वाचन धेरै क्याम्पसमा हुन सकेन । वि.सं. २०७३ मा उपत्यकाका नौ र उपत्यकाबाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो ।

२०७३ देखि स्ववियु निर्वाचन मिश्रित प्रणालीमा हुन थालेको छ । यसपटक पनि स्ववियु निर्वाचन मिश्रित निर्वाचन प्रणालीमा हुन थालेको हो । अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने छन् । यस्तै स्ववियु निर्वाचनमा उम्मेदवारका लागि उमेर हदबन्दी तोकिएको छ । वि.सं. २०५१ चैत २८ गतेपछि जन्मिएका विद्यार्थी मात्र उम्मेदवार हुन पाउने व्यवस्था गरिएको छ ।

१४ वर्षपछि हुन लागेको यो निर्वाचनलाई सफल बनाउनु सबैको दायित्व हो । विद्यार्थी नेता जन्माउने आधार स्ववियु निर्वाचन नै हो । त्यसैले यो निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न गर्न सबैले आ–आफ्नो स्थानबाट भूमिका निभाउन जरुरी छ ।

### भूलसुधार

२०७९ चैत ४ गते शनिबार यस प्रभाव दैनिकको प्रथम पृष्ठमा प्रकाशित समाचारमा *'रामसहायप्रसाद बने तेस्रो उपराष्ट्रपति'* हुनुपर्नेमा भूलबस अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ । यसबाट पाठक वर्गमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं । सं.

### मननयोग्य

## विदुर नीति

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए । विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए। उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे । उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास 'गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा बस्न उचित ठान्नुभयो । त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ ।

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे । महाभारतमा अनेकौं नीतिशास्त्रकारका नीतिहरू संकलित छन् । यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवानीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन् । महात्मा विदुरले धृतराष्ट्रलाई भनेको कुरा (उपदेश) अत्यन्तै मार्मिक र अनौठा छन् । क्रमशः



# 'प्रधानमन्त्रीको आश्वासन कार्यान्वयनको प्रतीक्षामा छौं'

**अञ्जन श्रेष्ठ**
**उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

*नेपाल उद्योग वाणिज्य महासंघका वस्तुगततर्फका उपाध्यक्ष अञ्जन श्रेष्ठ ३० वर्षदेखि व्यवसायमा छन् । व्यवसायलाई विविधीकरण गरी लामो विभिन्न क्षेत्रमा लगानी विस्तार गरेका श्रेष्ठ सफल व्यवसायी मानिन्छन् । प्रस्तुत छ, उनीसँग मुलुकको वर्तमान आर्थिक अवस्था र निजी क्षेत्रले झेल्नु परेका समस्याका सन्दर्भमा केन्द्रित रही राष्ट्रिय समाचार समितिका उपसम्पादक कमलकुमार बस्नेतले गरेको कुराकानीः*

**ब्याजदर बढी हुँदा व्यवसायी मर्कामा परे भन्दै तपाईंहरू आन्दोलनमा उत्रनुभयो । नेपाल बैंकर्स संघले ब्याजदर घटाइसकेको अवस्थामा प्ले कार्ड बोकेर सडकमै उत्रनुपर्ने के बाध्यता आइलाग्यो ?**

आन्दोलन नेपाल उद्योग वाणिज्य महासंघले सुरु गरेको होइन । जिल्ला उद्योग वाणिज्य संघको आह्वानमा भएको आन्दोलनमा हामीले ऐक्यबद्धता जनाएका हौं । पक्कै पनि व्यवसायीहरू मर्कामा छन्, पलायन हुने अवस्थामा पुगेका व्यवसायीको समस्यामा हामी पनि छौं भन्दै साथ दिनका लागि सहभागी भएका हौं ।

**तपाईंहरूले ब्याजदर एकल बिन्दुमा झर्नुपर्छ भनिरहनुभएको छ । आन्दोलनबाट ब्याजदर यति हुनुपर्छ भन्न मिल्छ र ?**

हाम्रोजस्तो अर्थतन्त्र भएको मुलुकमा १० प्रतिशत ब्याजदर स्वाभाविक हो । हाम्रो भनाइ उद्योग र व्यापारका लागि ब्याजदर फरक हुनुपर्छ भन्ने हो । त्यसमा पनि साना तथा मझौला उद्योगको हकमा अझ सहुलियत हुनुपर्छ । ब्याजदर १० प्रतिशतभन्दा बढी हुनु हुँदैन । यद्यपि, महासंघले कहिल्यै पनि यति नै ब्याजदर हुनुपर्छ भनेर भनेको छैन । हामीले त मौद्रिक नीतिका औजार प्रयोग गरी ब्याजदर घटाउने प्रक्रियामा जानुपर्छ भनेका हौं । नेपालमा सन् २०१० पछि नै प्रत्येक वर्ष तरलताको समस्या रहँदै आएको छ । हरेक वर्ष दशैं र तिहारपछि तरलता समस्या हुन्थ्यो र चैतपछि समस्या समाधान हुँदैन जान्थ्यो । तर, कोरोना महामारीको समयमा ठ्याक्कै उल्टो भयो र कोभिडपछि अर्थतन्त्रमा समस्या देखिन थालेको हो । त्यसपछि रुस र युक्रेनको युद्धले थप असर गर्‍यो । यसले 'लजिस्टिक कस्ट' उच्च भयो ।

कच्चा पदार्थ आपूर्ति शृंखला बिग्रियो । उत्पादन घट्यो । पेट्रोलियम पदार्थको मूल्य दोब्बर भयो । कोभिडका कारण विप्रेषण घट्यो, पर्यटन आगमन ठप्प हुँदा डलर आम्दानी पनि घट्यो । बाह्य समस्याका कारण आन्तरिक समस्या बढेको थियो । तर, यी समस्या समाधानका लागि आर्थिक नीतिका प्रयास निकै कम भए । बरु मौद्रिक नीतिमार्फत धेरै प्रयास धेरै भए । अर्थतन्त्र जोगाउने भन्दै कर्जा पुँजी निक्षेप (सिसिडी) अनुपातलाई परिवर्तन गरी कर्जा-निक्षेप (सिडी) अनुपात बनाइयो, आयात रोक्ने विषय, ब्याजदर वृद्धिको विषय मौद्रिक नीतिमार्फत् भयो । यसले अहिले समस्या देखिएको हो ।

**मौद्रिक नीतिमार्फत केही सकारात्मक प्रयास पनि त भएको छ ?**

सकारात्मक प्रभाव पनि छ । तर, त्यसको कारणले मात्रै होइन । आयात निरुत्साहित गर्नका लागि सहज भयो होला तर सबै कारण होइन । अहिले त विप्रेषण बढेको छ । पर्यटकको संख्या बढेको पनि । यो त मौद्रिक नीतिका कारणले भएको होइन । बरु तत्कालीन समयमा लिएका मौद्रिक नीतिले अर्थतन्त्र संकुचित भयो, बजार सुस्तायो । मौद्रिक नीतिका कारण उत्पादन घटेको छ । क्रयशक्ति पनि कम भएको छ । स्वाभाविकरूपमा खपत घटेको छ । गत वर्षको बजेटले आठ प्रतिशतको आर्थिक वृद्धि हुने लक्ष्य लिएको थियो तर त्यसपछि आएको मौद्रिक नीतिले कर्जा प्रवाहको सीमा घटाइयो र आर्थिक गतिविधि ठप्प पार्ने काम भयो । यसको असर आज बजारमा छ । व्यवसायी पीडामा छन् । बाह्य समस्या समाधानका लागि आन्तरिक समस्या बढाउने काम भयो ।

**प्रधानमन्त्रीसाग भेटेपछि तपाईंहरूले ऐक्यबद्धता जनाएको आन्दोलन फिर्ता भयो । प्रधानमन्त्रीले के प्रतिबद्धता जनाउनुभयो ?**

प्रधानमन्त्रीले करिब ६५ जिल्लाका प्रतिनिधिसँग ब्याजदर एकल बिन्दुमा ल्याउने विषयमा प्रतिबद्धता जनाउनुभएको छ । हामीले चालु पुँजी कर्जा मार्गनिर्देशन संशोधन, रोजगारी कटौती तथा बजारले भोगेका समस्या पनि उहाँसमक्ष राख्यौं । प्रधानमन्त्रीज्यूले समस्या समाधानमा आफू गम्भीर भएको र आफूले सक्दो प्रयास गरिरहेको बताउनुभयो । उहाँले संस्थागत निक्षेपको ब्याज घटाएर भए पनि ब्याजदरको समस्या समाधान गर्ने प्रतिबद्धता जनाउनुभएको छ । नेपाल राष्ट्र बैंक स्वायत्त निकाय भए पनि हामीले माग गर्ने सरकार प्रमुखको तर्फबाटै भएकाले प्रधानमन्त्रीले दिनुभएको आश्वासन कार्यान्वयन हुने र समस्या समाधान हुनेमा विश्वस्त छौं ।

**महासंघको वर्तमान कार्यसमितिले "भिजन पेपर २०३०" ल्याएको थियो । त्यसको कार्यान्वयन कुन चरणमा छ ?**

महासंघले 'भिजन पेपर' अर्थतन्त्रको गतिलाई नयाँ दिशा दिनका लागि ल्याइएको हो । वि.सं. २०४८ पछि खुलाबजार अर्थतन्त्र आयो । त्यो नेपालको वित्तीय क्षेत्रको सुधारका लागि प्रयास थियो । त्यसपछि १० देखि १५ वर्षको अवधिमा दोस्रो चरणको सुधार आउनुपर्ने थियो । महासंघले अर्थतन्त्र र सामाजिक रूपान्तरणका विषयमा सरकारलाई सल्लाह दिने हो । महासंघको काम व्यावसायिक वातावरण र लगानीको सुरक्षाका लागि पैरवी गर्ने हो भने सरकारलाई पहलकदमी लिनका लागि घच्घचाउने हो । यसैका लागि अर्थतन्त्रमा नयाँ सुधार ल्याउनका लागि 'ब्लु प्रिन्ट'का रूपमा 'भिजन पेपर' ल्याइएको हो । यो अहिले कार्यान्वयनकै चरणमा छ । तर, जुन गतिमा अगाडि जानुपर्ने हो त्यसअनुसार भएको छैन । निजी क्षेत्र र सरकार मिलेर जाने हो भने ५० प्रतिशत आयात प्रतिस्थापन, २२ लाखलाई रोजगारी, १०० खर्बको अर्थतन्त्र बनाउन सकिन्छ ।

**तपाईं महासंघमा उद्योग परिषद्को सभापति पनि हुनुभयो । कार्यकाल कस्तो रह्यो ?**

उपलब्धिका हिसाबले कार्यकाल सफल भयो भन्छु । तत्कालीन समयमा वस्तुगततर्फ १०३ जना सदस्य हुनुहुन्थ्यो भने अहिले १२३ जना सदस्य पुग्नुभएको छ । एसोसिएट सदस्य करिब ९०० बाट एक हजार ७६२ बनाइएको छ । जिल्ला नगर उद्योग वाणिज्य महासंघ १०९ बाट १२५ बनाइयो । संगठनको गरिमा र महिमा बढाउने काम भएको छ । विभिन्न क्षेत्रका समस्या, चुनौती र अवसरका विषयमा पनि काम गरिरहेका छौं । महासंघमा वस्तुगत परिषद्को सचिवालय गठन गरी गतिविधि बढाउने काम भएको छ ।

**महासंघको नयाँ निर्वाचनको तयारी कस्तो छ ?**

आगामी निर्वाचनमा मैले वरिष्ठ उपाध्यक्ष पदमा उम्मेदवारी दिने निर्णय गरेको छु । यसका लागि टिम नै तयार गरी अघि बढिसकेको छु । संस्थागतरूपमा म महासंघमा २० वर्षअघि प्रवेश गरेको थिएँ । सुरुआतमै उद्योग, वाणिज्य र रोजगारदाता परिषद्मा म सदस्य भएँ । त्यस्तै दुई पटक राजस्व समितिको सहसभापति भए । पदाधिकारी हुनुभन्दा अघि उद्योग समितिको सभापति थिए । नौ वर्षसम्म रोजगारदाता परिषदमा सदस्यका रूपमा काम गरें । म यसअघि नाडा अटो मोबाइल्स एसोसिएसनको अध्यक्ष पनि भए । तत्कालीन समयमा पनि अटो मोबाइल क्षेत्रमा भएका समस्या समाधानका ठूलो काम गरेको छु ।

व्यवसायमा म ३० वर्षदेखि व्यवसायमा संलग्न छु । अहिले हामीले डेरी उद्योग, अटो मोबाइल, स्टिल उद्योग, ट्रेडिङलगायतका विविध व्यवसायमा लगानी गरी तीन हजारभन्दा बढीले रोजगारी दिएका छौं । व्यावसायिक र सांगठानिक नेतृत्व सफलतापूर्वक निर्वाह गरेकाले व्यवसायीहरूको समस्या नजिकबाट बुझेको छु ।

जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला नगर उद्योग वाणिज्य संघसँग कुराकानी गरेको छु । उहाँहरूका समस्या थाहा छ समाधानका लागि म काम गर्न सक्छु । व्यवसायीहरू पलायन हुने अवस्थाको अन्त्यका लागि पहल गर्नेछु ।

# देशको भविष्य र सत्ता समीकरण



**शशांक शमशेर थापा**

मुलुकको अवस्था बिग्रँदो छ । आर्थिक अवस्था अस्तव्यस्त छ । सामाजिक क्षेत्रमा विचलन छ । देशको राजनीति अस्थिर छ, देशको विकास निर्माण ठप्प छ भने पनि हुने अवस्था छ । जे कुरामा पनि राजनीति मात्र भन्ने परम्पराले देश अस्थिर बनेको हो ।

देशका होनहार युवा स्वदेशमा काम नपाएर विदेशिनु परिरहेको छ । लाखौं युवालाई स्वदेशमै रोजगारी दिलाउन स्वदेशमा कलकारखाना छैन । भएका कलकारखाना पनि धमाधम बिक्री वितरण भइरहेका छन् । विगतमा दर्जनौं सरकारी कलकारखाना कौडीको भाउमा निजीकरण गर्दा अहिले सरकारी नियन्त्रणमा औंलामा गर्न सकिने कल कारखाना, उद्योग रहेका छन् । सरकारले औषधि उद्योगसम्म आफैं चलाउन सक्दैन भने अरुको के कुरा गर्नु । जबसम्म वर्षमा १०-२० वटा सरकारी उद्योग थपिँदैन तबसम्म नेपाली युवा निर्देशिनु परिरहने नै छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सैद्धान्तिक र वैचारिकरूपमा राजावादी पार्टी हो । र, देशको प्रमुख हिन्दूवादी र राजावादी शक्ति हो । देशको प्रमुखमा राजा हुनुपर्छ भन्ने भिजन हामीले स्पष्ट रूपमा राख्दै आएका हौं । यस हिसाबले राजावादी पार्टीले राष्ट्रपतिमा कसरी मत दिनु । यस हिसाबले राष्ट्रपति निर्वाचनमा भाग लिन हामीलाई सुहाएन ।

अब राप्रपाले सदनमा सशक्त प्रतिपक्षको भूमिका र सँगै सडक संघर्ष गर्नेसमेत कार्ययोजना बनाइ अगाडि बढ्नुपर्छ । आगामी आन्दोलन हाम्रो लागि बाध्यता बनिरहेको छ । हामी जनताको मन बुझ्न जनताको घरदैलो गर्न लागेका हौं । अब राप्रपाको संगठन अझ सशक्त बनाउनुपर्छ । राप्रपाले जिते र राप्रपाको संगठन बलियो भयो भने मात्र राजतन्त्र पुनःस्थापित गर्न सहयोग मिल्ने छ । हामीले खोजेको राजतन्त्र संविधानभित्रकै हो । त्यसैले राजतन्त्र भन्दैमा पार्टीहरू तर्सनु पर्दैन । संविधानभित्रबाटै हामी राजतन्त्र पुनःस्थापित होस् भन्ने चाहन्छौं । परि आए हामी सडकमा पनि सशक्तरूपमा उत्रनेछौं ।

भ्रष्टाचार चौतर्फी मौलाएको छ । भ्रष्टाचार गर्ने ठूला माछाहरू कानुनको दायराभन्दा बाहिरै रहने र सानातिना व्यक्तिहरूचाहिँ कारबाहीमा पर्ने अवस्था छ । यस मेसोमा हाम्रा अध्यक्ष राजेन्द्र लिङ्देनले 'घूस खानु भनेको आमाको रगत खानु हो' भन्नुभएको छ । यही मूल नारा बनाउँदै हामी निर्वाचनमा पनि सहभागी भयौं । के अन्य पार्टीका नेताहरूले यस्तो भन्न सक्छन् ? वास्तवमा भन्ने हो भने जबसम्म भ्रष्टाचार नियन्त्रण हुन्न तबसम्म देश विकासको कल्पनै नगरे हुन्छ । विकास गर्न सरकारी प्रशासनमा इमान्दारहरूको बहुल्यता हुनुपर्छ । भ्रष्टहरूलाई सामाजिकरूपमै बहिष्कार गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्न अख्तियार अझै सक्रिय हुनुपर्छ ।

महँगीले जनता चपेटामा परेका छन् । र राज्य सम्यन्त्र मुकदर्शक भएको छ । महँगी नियन्त्रण गर्न गाउँदेखि सहरसम्म वास्तविक मूल्यमा बिक्री वितरणको व्यवस्था गरिनुपर्छ । होइन भने महँगी भइरहने छ, गरिब जनता महँगो सामान किन्न बाध्य भइरहने छन् । एकातिर गरिब जनता बढ्दै जानु अर्कोतिर महँगी बढ्दै जाने अवस्थाले गरिब जनतालाई चेपुवामा पारिरहेको देखिन्छ । अस्वाभाविकरूपमा मूल्यवृद्धि गरिनु भ्रष्टाचारजस्तै हो । जसरी भए पनि मूल्यवृद्धि रोकिनुपर्छ ।

इमान्दारिता भएको, दूरदर्शी, कार्यक्षमता भएको, सबैको भावना बुझ्न सक्ने व्यक्तिले नेतृत्व पाए देश विकास हुन्छ । देशको माया भएको, भ्रष्टाचार विरोधीले सरकारको नेतृत्व गर्न पाए देशमा सकारात्मक परिस्थिति निर्माण हुनेछ । जसरी पनि उस्तै चल्छ भनिरहने हो भने, गरिब गरिब भइरहने धनी धनी भइरहने अवस्था आउँछ । साथै गलत व्यक्तिका हातमा सत्ता जाँदासम्म कसैगरी पनि देश विकास हुँदै हुन्न ।

सर्वप्रथम राजनीतिक अस्थीरताले गर्दा मुलुक विकासमा धेरै पछि परेको छ, भ्रष्टाचारजस्ता विकृति विसंगतिहरूले थप विकास मार्गमा बाधा अड्चन परेको देखिन्छ । सर्वप्रथम हामी राजनीतिक स्थिरताको बाटोमा अग्रसर रहेर, भ्रष्टाचारजस्तो विकृति विसंगतिलाई तोडेर विकासको बाटो अवलम्बन गर्नुपर्ने देखिन्छ ।

यसपटकको संघ र प्रदेश निर्वाचनमा अपेक्षा गरेभन्दा राप्रपाले कमै सिट तथा मत प्राप्त गर्‍यो । आगामी निर्वाचनमा हामी अझ मजबुत शक्तिका रूपमा उदाउनेछौं । वास्तवमा भन्नुपर्दा राप्रपा जनताको पार्टी हो । यतिबेला राजसंस्था र हिन्दू राष्ट्र जनताको आवश्यकता बलिरहेको छ । यही एजेण्डालाई लिएर राप्रपा जनताको घरदैलोदेखि सडकमा प्रदीर्शत हुन ढिलाइ गर्नु हुन्न । जनताले राप्रपाले अब के गर्छ भनेर हेरिरहेका छन् । यतिबेला जनताको ध्यान राप्रपामा केन्द्रित छ ।

हामी नयाँ कार्यक्रमसहित देशभक्त युवाहरूलाई आकर्षण गर्ने खालका कार्यक्रमहरू देशव्यापीरूपमा सञ्चालन गर्दैछौं । युवाहरू नै हाम्रा शक्ति हो । राप्रपाको आफ्नो भ्रष्टाचारविरोधी पहिचानलाई अझ व्यापक र विस्तृत बनाउनुपर्छ । राप्रपाको अध्यक्ष लिङ्देनलाई जनताले भ्रष्टाचार विरोधी असल राजावादीका रूपमा लिएका छन् । त्यसैले अब अध्यक्ष लिङ्देनकै नेतृत्वमा भ्रष्टाचार विरोधी आन्दोलन गर्नुपर्छ । राजावादी आन्दोलनलाई साथ साथै अघि बढाउनुपर्छ । अब खुट्टा कमाउने बेला होइन, हामी दह्रो खुट्टा टेकेर जनतामाझ जान विलम्ब गर्नु हुन्न ।

*(लेखक थापा राप्रपा केन्द्रीय सदस्य हुन्)*



**नि:शुल्क स्वास्थ्य शिविर** सीमान्तकृत मुसहर समुदायलाई लक्षित गरी शनिबार सुनसरीको इनरुवामा आयोजना गरिएको नि:शुल्क स्वास्थ्य शिविरमा स्वास्थ्य परीक्षण गराउँदै मुसहर समुदाय ।

*तस्बिरः नवीन गड्तौला/रासस*

# मगर खाम भाषा संरक्षणमा चासो

**तुलसीपुर–** दाङमा मगर खाम भाषा संरक्षणमा चासो दिइएको छ । मगर खाम भाषामा नयाँ पुस्ताले चासो दिन थालेको भन्दै खाम भाषा संरक्षण गर्न थालिएको हो ।

मगर भाषा साहित्य तथा संस्कृति प्रतिष्ठान केन्द्र दाङले यो अभियान थालेको हो । 'मगर संस्कार, संस्कृति संरक्षण तथा सम्वर्द्धन गर्नका लागि हामी सक्रिय छौं,' प्रतिष्ठानका अध्यक्ष कृतिमान पुनले भने, 'पछिल्लो समय नयाँ पुस्ताले मगर खाम भाषामा चासो दिन छोडेका छन् ।'

परम्परागत खाम भाषा बोल्ने भाषिक समुदायको अभाव हुँदा यो भाषा लोप हुँदै गएको उनको भनाइ छ । यो भाषा बोल्ने पुराना व्यक्तिको मृत्यु हुनु र नयाँ पुस्तामा खाम भाषा स्थानान्तरण नहुँदा लोप हुँदै गएको उनले बताए । रिडीको पश्चिम भाग दाङ हुँदै कर्णाली प्रदेशसम्म बोलिने १८ मगरातको (खाम) रिडीको पूर्वी भागमा बोलिने १२ मगरातको (मैढुट) र सुदूरपश्चिममा बोलिने (काइकेल) भाषा मगर समुदायका प्रमुख भाषीका रहेका छन् ।

मगर भाषाको खास लिपि पनि छैन । 'अख्का लिपि हो भनेर भ्रममा पार्ने गरिन्छ,' पुनले भने, 'तर, त्यो मगरको लिपि होइन, त्यसैले देवनागरिक नै हामीले स्वीकारेका छौं,' रोल्पा, रुकुमबाट दाङ बसाइँसराइ गरी आएका मगर समुदायको मुख्य भाषा खाम भए पनि यो समुदायमा नेपाली भाषाको प्रभाव धेरै रहेको उनको भनाइ छ । बालबच्चाले नै पहिलो भाषाका रूपमा नेपाली भाषामा बोलचाल गर्न थालेसँगै खाम पूरै लोप हुने अवस्था रहेको उनले बताए । नेपालमा २५ लाख मगर समुदाय रहे पनि करिब १९ लाखले मात्रै मगर भाषा बोल्ने गर्छन् । *रासस*

# चार जिपिए ल्याउनेलाई गाउँपालिकाले ५० हजार दिने

**त्रिशूली–** नुवाकोटको म्यागङ गाउँपालिकाले चालु शैक्षिक सत्रको माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) मा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई नगद रूपैयाँसहित सम्मान गर्ने भएको छ ।

हालै बसेको गाउँ कार्यपालिकाको बैठकको निर्णयअनुसार एसइईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई नगद रूपैयाँसहित सम्मान गर्ने निर्णय गरिएको गाउँपालिकाको उपाध्यक्ष सीता तामाङले जानकारी दिए । उनको अनुसार एसइईमा चार जिपिए ल्याउने प्रत्येक विद्यार्थीलाई ५० हजार रूपैयाँ र ३.६ देखि चारभन्दा कम जिपिए ल्याउने प्रत्येक विद्यार्थीलाई २० हजार रूपैयाँसहित सम्मान गर्ने निर्णय भएको छ ।

उक्त निर्णयअनुसार कार्यविधि बनाएर कार्यान्वयन गर्न लागिएको शिक्षा शाखा प्रमुख शेरसिंह रावतले जानकारी दिए । उनका अनुसार यो व्यवस्था चालु शैक्षिकसत्रदेखि सुरु गर्न लागिएको हुँदा आवश्यक बजेटको सुनिश्चित भइसकेको छ भने कानुनी प्रक्रिया अन्तिम चरणमा पुर्‍याइएको छ ।

'अहिले विद्यार्थी एसइईको तयारीमा लागिरहेकाले उनीहरूको मनोबल उच्च बनाउन नगद रूपैयाँसहित सम्मान गर्ने निर्णय गरिएको हो,' शिक्षा शाखा प्रमुख रावतले भने, 'यसअघिका परीक्षा र हालै भएको कक्षा १० को आन्तरिक परीक्षामा उत्कृष्टको नजिक-नजिकको अंक ल्याएकालाई थप लगनशील बनाउन गाउँपालिकाको सो निर्णयले थप ऊर्जा मिल्दछ ।'

विभिन्न छ वडा रहेको म्यागङ गाँउपालिकामा माध्यमिक तहसम्म अध्ययन गराउने विद्यालयको संख्या सात रहेको छ । ती विद्यालयमा चालु शैक्षिक सत्रमा एसइई दिने विद्यार्थीको संख्या ३०० हाराहारीमा रहेको शिक्षा विकास तथा समन्वय एकाइ नुवाकोटले जनाएको छ । *रासस*

# सामुदायिक विद्यालय : भौतिक संरचना बढ्दो, गुणस्तर घट्दो

■ डम्मर बुढामगर

**ढोरपाटन–** स्थानीय तह आउनुपूर्व बजारदेखि गाउँसम्मका सामुदायिक विद्यालय जीर्ण थिए । काठ, ढुंगा र माटोले बनेका पुराना भवनमा विद्यार्थी भुइँमै बसेर पढ्थे । प्राथमिक तह पढ्नकै लागि घण्टौंको दूरी पार गर्नुपर्थ्यो । घण्टौं लगाएर पढ्न आउने विद्यार्थीले कक्षाकोठा अपुग हुन्थ्यो । शौचालय, खानेपानी र पुस्तकालय किताबमा पढिन्थ्यो । प्रयोग गर्न पाइँदैनथ्यो । तर, अहिले त्यस्ता समस्या केही विद्यालयमाबाहेक धेरैमा छैन । पक्की भवन, खेल मैदान र अन्य पूर्वाधार अधिकांश विद्यालयमा बनेका छन् ।

विद्यालयमा भौतिक संरचना थपिँदै छन् भने गुरणस्तर खस्कँदो छ । पहिलेको जस्तो विद्यार्थीको चाप पनि छैन । गाउँगाउँका सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या साह्रै न्यून छ । अभिभावकले सामुदायिक विद्यालयको गुणस्तरमाथि प्रश्न उठाउँदै ऋण धन गरेरै निजी विद्यालयमा छोराछोरी पढाउन थालेका छन् । विद्यार्थी घट्दै गएपछि बागलुङका केही पालिका विद्यालय समायोजन गर्ने तयारीमा छन् ।

जिल्लाको बागलुङ नगरपालिका, गलकोट नगरपालिका, बडिगाड गाउँपालिकालगायतका पालिकाले विद्यालय समायोजन गर्न थालेका हुन् । बडिगाड गाउँपालिकाले यसभन्दा अगाडि चार विद्यालय समायोजन गरेको छ । २० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय गाभेर पठनपाठन सञ्चालन गरेको गाउँपालिकाका शिक्षा शाखा अधिकृत पूर्णबहादुर घर्तीले जानकारी दिए । यस वर्ष करिब चार विद्यालय समायोजन गर्ने चरणमा रहेको उनको भनाइ छ ।

घर्तीले भने, 'विद्यार्थी कम भएका विद्यालयलाई नजिकको सँग 'मर्ज' गर्ने भएका छौं, बजार क्षेत्रका विद्यालयमा विद्यार्थी निकै बढिरहेका छन्, अहिले समस्या भनेको गाउँका विद्यालयमा हो, गाउँबाट सबै मान्छेहरू सेवा सुविधा खोज्दै बजार झर्ने गरेका छन्, त्यसको प्रत्यक्ष असर गाउँका विद्यालयमा परेको छ, यहाँका केही विद्यालयमा भने विद्यार्थी बढी छन् ।'

गलकोट नगरपालिकाले दर्जन बढी विद्यालय समायोजन गर्ने भएको छ । नगरपालिकाले समायोजनका लागि कार्यविधि बनाएको नगर शिक्षा अधिकृत शिव खड्काले जानकारी दिए । नगरपालिकाले कक्षा १-३ मा १५ जना, कक्षा १-५ मा २५ जना, कक्षा ६-८ मा २१ जना, कक्षा ९-१० मा २५ जना र ११-१२ मा २५ जना विद्यार्थी नभएका विद्यालयलाई समायोजन गरिने खड्काको भनाइ छ ।

उनका अनुसार विद्यार्थी कम भएका करिब १५ वटा विद्यालय समायोजन गर्ने अवस्थामा रहेका छन् । काठेखोला गाउँपालिकामा दुई विद्यालय समायोजन गर्ने स्थितिमा रहेका छन् । बागलुङ नगरपालिकामा पनि धेरै विद्यालय समायोजन गर्नुपर्ने देखिएको छ । नगरपालिकाले विद्यालय समायोजनसम्बन्धी नीति बनाएर पठनपाठनलाई प्रभावकारी बनाउने जनाएको छ । नगरपालिकाका शिक्षा शाखा अधिकारी धनप्रसाद पोखरेलले बजारमा भन्दा बढी समस्या गाउँका विद्यालयमा भएको बताए ।

उनले भने, 'गाउँमा साना कक्षामा विद्यार्थी छैनन्, बजारमा माथिल्लो तहमा पढ्ने विद्यार्थी छैनन्, ११/१२ पास गर्‍यो भने विद्यार्थी विदेश हिँडिहाल्छन्, यो बागलुङको मात्रै समस्या होइन देशभर यस्तै छ, नगरपालिकाले विद्यार्थीलाई मर्का नपर्ने गरी विद्यालय समायोजन गर्ने छ, थोरै विद्यार्थी भएको विद्यालयमा पठनपाठन गाह्रो नै हुन्छ ।'

सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्कँदै गएपछि विद्यार्थीको आकर्षण निजी विद्यालयतर्फ बढिरहेको छ । निजी विद्यालयमा तल्लो तहदेखि नै विद्यार्थीको चाप देखिन्छ । शिक्षा विकास तथा समन्वय एकाइ बागलुङका प्रमुख कुश्मराज उपाध्यायले शिक्षाको गुणस्तर बढाउन नसकेसम्म विद्यार्थी बढाउन नसकिने बताए । सामुदायिक विद्यालय अब भौतिक पूर्वाधारमा कमजोर नभएको भन्दै गुणस्तर बढाउनतर्फ लाग्नुपर्नेमा प्रमुख उपाध्यायले जोड दिए ।

'सामुदायिक विद्यालयमा गुणस्तरीय पढाइ नभएको होइन, राम्रो पढाइ हुन्छ, जहाँका समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक सक्रिय हुन्छन् त्यो विद्यालयमा निजीमा भन्दा राम्रो पढाइ भएको छ, उपलब्धि पनि उस्तै छ,' उपाध्यायले भने, 'धेरै ठाउँमा सामुदायिक विद्यालयप्रति धेरैले चासो दिँदैनन्, गाउँका विद्यालयलाई राम्रो बनाउने विद्यार्थी टिकाउने हो भने समुदाय पनि जिम्मेवार हुन जरुरी देखिन्छ ।'

उनले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थीको संख्या घट्नुको मुख्य कारण बसाइँसराइ भएको बताए । पछिल्लो समय मानिस विलासिता खोज्दै सहज बजार झर्ने र बालबालिकालाई पनि सँगै लैजाने गर्दा गाउँका विद्यालयमा विद्यार्थीको अभाव हुन थालेको उनको भनाइ छ । ग्रामीण क्षेत्र सबै प्रकारका विकासले जोडिए विद्यार्थी बढाउन सकिने उपाध्यायले बताए ।

जिल्लामा अहिले ५१४ सामुदायिक र ५९ निजी गरी ५७३ विद्यालय सञ्चालनमा छन् । शिक्षा विकास तथा समन्वय एकाइ बागलुङका अनुसार ६२ हजार ३२१ जना सामुदायिक र ११ हजार ३७० जना गरी ७४ हजार ३५७ जना विद्यार्थी अध्ययनरत छन् । जिल्लाभर ७४ हजार ३५७ विद्यार्थी रहेका छन् । जसमा ३५ हजार ९८० छात्रा र ३८ हजार ३७३ जना छात्र अध्ययनरत रहेका छन् ।

जिल्लाभर १४.८ प्रतिशत विद्यार्थी निजी विद्यालयमा अध्ययन गरिरहेका छन् । सामुदायिकतर्फ छात्र ३१ हजार ८९७ जना र छात्रा ३१ हजार ४२० जना छन् भने निजी विद्यालयमा छात्र छ हजार ४७६ र छात्रा चार हजार ५६० जना अध्ययन गरिरहेका छन् । *रासस*

# करेन्ट तथा विष्फोटक पदार्थ प्रयोगमा प्रतिबन्ध

**खोटाङ (प्रस)–** रावाबैँसी गाउँपालिकाले आफ्नो सीमा क्षेत्रका नदी तथा खोलामा करेन्ट तथा विष्फोटक पदार्थ प्रयोग गरेर माछा मार्न रोक लगाएको छ । दूधकोसी र रावाखोलामा अवैध तरिकाले करेन्ट तथा विष्फोटक पदार्थ प्रयोग गरेर माछा मार्ने गरेको गुनासो आएपछि गाउँपालिकाले सूचना जारी गर्दै नदी तथा खोलामा करेन्ट तथा विष्फोटक पदार्थ प्रयोगमा रोक लगाएको हो ।

करेन्ट र ब्लास्टिङको प्रयोग गर्दा नदी तथा खोलामा भएका सबै किसिमका जलचरको अस्तित्व नै समाप्त हुने र पर्यवरणमा क्षति पुग्ने भएकाले सो कार्यमा रोक लगाउनुपरेको रावाबैँसी गाउँपालिका प्रमुख फटिककुमार श्रेष्ठले बताए । 'माछा मार्नेक्रममा करेन्ट तथा ब्लास्टिङ प्रयोगले माछासँगै जलचरसमेत पूर्णरूपमा नष्ट हुन्छ,' उनले भने, 'आगामी दिनमा माछा मार्ने क्रममा नदी तथा खोलामा करेन्ट र विष्फोटक पदार्थ प्रयोग गरेको पाइएमा कानुनबमोजिम कडा कारबाही गरिनेछ ।'

रावाखोलामा धेरैजसो अन्यत्रबाट आउने व्यक्तिले माछा मार्नेक्रममा करेन्ट तथा विष्फोटक पदार्थ प्रयोग गर्ने गरेको गाउँपालिकाले जनाएको छ । दूधकोसीमा भने स्थानीय बासिन्दाले नै विष लगाउनुका साथै ब्लास्टिङ हानेर माछा मार्ने गरेको बताइएको छ ।

जिल्लाको उत्तरी क्षेत्रमा बग्ने रावाखोलामा पाइने असला माछा देशभर प्रसिद्ध छ । रावाखोलामा पाइने असला माछाको सिकुटी राजधानी काठमाडौंलगायत विभिन्न सहर तथा बजारमा निर्यात हुने गरेको छ । रावाखोलाको माछा मारेर स्थानीय बासिन्दाले राम्रो आयआर्जनसमेत गर्दै आएका छन् । सावाखोला आसपास गर्ने कुभिण्डे, खार्पा, लामीडाँडा, हौंचुर, जालपालगायतका स्थानीय बासिन्दाले माछा मार्ने व्यवसाय गर्दै आएका छन् ।


**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
प्रदेश नं. १, सुनसरी नेपाल

**भोक्राहा नरसिंह गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी र उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटर मा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काई कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुयाऽउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

प्रभाव दैनिक

रूपशाला

## पुष्प र विनाको फिचरिङ्मा 'पहरी फूल २' सार्वजनिक

गायिका मिलन नेवार र रवि ओडको स्वरमा 'पहरी फूल २' बोलको गीत सार्वजनिक गरिएको छ । गीतमा राजु सिंहको सङ्गीत र गिता गिरी शेरचन को शब्द रचना रहेको छ । प्रेमभाव रहेका गीतको भिडियोमा ले अभिनय देख्न सकिन्छ । पहरि फुलको बारेमा बर्णन गर्दै प्रेमका कोमल शब्दहरूलाई गीतमा समेटिएको छ । पहाडी भेगमा पाइने पहरी फूलको विषयमा आफूले आम दर्शक तथा स्रोता माझमा पुयाउन पाउँदा निकै खुशी लागेको गीतका प्रोड्युसर बसन्त घिमिरेले बताए । नवराज खड्काको छायाँकन, बन्दे प्रसादको सम्पादन तथा केशवराज भट्टको निर्देशनमा भिडियो तयार गरिएको छ ।



आइतबार, ५ चैत २०७९ (Saturday, March 19, 2023)

# मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्सको अडिसन काठमाडौंमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** इन्ट्रा नेसनल वेलफेयर एण्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाको आयोजनामा पहिलो अन्तर्राष्ट्रिय नेपाली रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स'को फिल्ड अडिसन यहि चैत्र ४ र ५ गते सामाखुसी कपुरधारा स्थित नवोदित कलेजमा हुँदैछ ।

अडिसन दिन आउँदा प्रतियोगीहरूले आफ्नो उमेर खुलाएको आधिकारिक कागज लिएर आउनु पर्ने हुन्छ । फिल्ड अडिसनबाट चुनिएका प्रतियोगीहरूले काठमान्डौंमा आएर स्टुडियो अडिसनमा सहभागी हुनेछन् । डिजिटल अडिसनमा सहभागी भएका प्रतियोगीहरूले पनि अनिवार्य रूपमा फिल्ड अडिसनमा सहभागी जनाउन पर्नेछ ।

इन्ट्रा फाउन्डेसनका अध्यक्ष डिल्ली अधिकारी भन्छन्, 'हामी हाम्रो संस्कृति जोगाउन एकजुट भएर लाग्नुपर्छ । हाम्रो पहिचान नै हाम्रो भाषा, संस्कृति, र दुखमा परेकाहरूलाई मद्दत गर्नुमा छ । फाउन्डेसनको मुख्य उद्देश्य पनि नेपाली मनोरञ्जन क्षेत्रमा सांगीतिक क्रान्ति ल्याउनु हो ।' 'मेरो भ्वाइस युनिभर्स'को निर्णायक मण्डलमा सुरेश अधिकारी, शिव परियार, अन्जु पन्त, सुजाता वर्मा, पुष्पन प्रधान जस्ता वरिष्ठ गायकहरू समावेश छन् । त्यस्तै 'मेरो डान्स युनिभर्स'को निर्णायक मण्डलमा भने मिथिला शर्मा, दिलीप रायमाझी, शंकर बि.सी, केकी अधिकारी, प्रियंका कार्की, र नरमन राई रहने जनाइएको छ ।

यी दुई शोहरू नेपालको अहिले सम्मकै सर्वाधिक धनराशी भएको रियालीटी शोहरू हुन । फाउन्डेसनका अनुसार 'मेरो भ्वाइस युनिभर्स'का विजेताले एक करोड नेपाली रूपैयाँ पुरस्कार पाउनेछन् । साथै फस्ट रनरअपले ३० लाख नेपाली रूपैयाँ र सेकेन्ड रनरअपले २० लाख नेपाली रूपैयाँ पुरस्कार पाउनेछन् । यस्तै, 'मेरो डान्स युनिभर्स'को विजेताले पनि एक करोड रूपैयाँ पुरस्कार प्रदान गरिनेछ भने फस्ट रनरअपले ३० लाख रूपैयाँ र सेकेन्ड रनरअपले २० लाख रूपैयाँ पुरस्कार पाउनेछन् । त्यस्तै डान्स युनिभर्स'को सँस्कृतिक समुह विधाको विजेताले पनि २० लाख रूपैयाँ पुरस्कार प्रदान गरिनेछ । साथै उक्त बिधाका फस्ट रनरअपले १० लाख रूपैयाँ र सेकेन्ड रनरअपले ५ लाख रूपैयाँ पुरस्कार पाउनेछन् ।

फाउन्डेसनले नेपाल बाहेक, म्यानमार, थाइल्याण्ड, भुटान, भारत, अष्ट्रेलिया, अमेरिका, क्यानडा लगायत युरेपेली देशहरूबाट पनि नेपाली भाषीहरूको बृहत सहभागिताको अपेक्षा राखेको छ ।

# गाए दर्जनौं गीत, तर एउटैले चिनिए यामु



**काठमाडौं (प्रस)–** कुनै समय कल रिङब्याक टोनमा निकै लोकप्रिय बनेको थियो एउटा गीत । त्यो बेला 'नराम्रो देख्छु सपनी' बोलको गीत प्रायको मोबाइल रिङटोनमा बज्थ्यो । तिनै चर्चित गीतका गायक हुन्, ' यामु शर्मा अर्थात यमनाथ शर्मा ।

वास्तविक नाम यमनाथ भएपनि यामुका रूपमा चिनिएका उनी भन्छन्, 'त्यो समयमा टिकटक भएको भए भाइरल नै हुन्थ्यो होला त्यो गीत । तर, त्यतिखेर युट्युबको समेत खाशै ट्रेण्ड आएको थिएन, टिकटकको त कुरै छाडौं ।'

तनहुँको घिरिङस्थित सुन्धाराका गायक तथा संगीतकार यामुले अहिलेसम्म तीन दर्जनभन्दा बढी गीत गाइसकेका छन् । त्यति नै संख्यामा संगीत पनि । म्युजिक एरेञ्जरसमेत रहेका यामुले २०५९ सालबाटै गायन अँगालेका हुन् । उनी सम्झिन्छन्, 'मैले गायनयात्रा प्रारम्भ गर्दा एल्बम निकाल्ने चलन थियो । मैले पनि १० वटा एल्बम निकालें । तर, एउटै गीतले चिनायो ।'

'नराम्रो देख्छु सपनी' लोकप्रिय हुनुको कारणबारे यामु भन्छन्, ' त्यो गीतमा एउटा शब्द छ, त्यही शब्दले गीत चर्चित बन्यो ।' त्यो कुन शब्द हो ? 'उनी भन्छन्, 'बुढाबाबा खेत खन्न गा होलान्, निस्तो आँटो महीसँग खा होलान्' यी शब्दले गर्दा मोबाइल रिङटोनमा लोकप्रिय बन्यो र गीत चर्चित बन्यो ।'

गीतसंगीतमा सक्रिय हुँदाहुँदै उनी केही देश समेत पुगे । तर, उनी अहिले घुमिफिरि नेपाल नै फर्किएका छन् । 'सानैमा रहर र रुचीले गायनमा लागियो' उनी भन्छन्, 'चटक्कै छाड्न मन नमान्ने रहेछ । त्यसैले फेरि गायनलाई निरन्तरता दिने सोचमा छु ।'

यामुले आफूले गाएका मात्र नभएर एरेञ्ज गरेका गीतहरू पनि चर्चित छन् । 'धूपी सल्लाले', ' फलेको डाली नगेन', 'नराम्रो देख्छु सपनी', 'रौसी खान्छु पैसा उडाउँछु' जस्ता चर्चित गीतका गायक यामुले बद्री पंगनी, रामजी खाँडजस्तो लोकप्रिय लोकगायकहरूका गीतको एरेञ्ज गरेका छन् ।

बद्री पंगेनीको अत्याधिक लोकप्रिय गीत 'जनताको शासन' उनैले एरेञ्ज गरेका हुन् । यामु भन्छन्, 'गायनपछि मेरो अर्को काम म्युजिक एरेञ्ज नै हो ।' गीतसंगीतमा मिहिनेत गर्न सक्यो भने नाम र दाम दुवै कमाउन सकिने उनको बुझाइ छ ।

# कलाकार दम्पतीको चित्रकला प्रदर्शनी

■ प्रभाव संवाददाता



**काठमाडौं–** कलाकार दम्पती इशान परियार र सविता डङ्गोलको मिल्दो विचार भावमा चित्रकला प्रदर्शनी भइरहेको छ । गत फागुन १७ देखि सिद्धार्थ आर्ट ग्यालरी, बबरमहलमा जारी प्रदर्शनी यही चैत ९ गतेसम्म सञ्चालन हुनेछ ।

कलाकार जोडीले आफ्नो विवाह उत्सवको अवसर पारेर चौथो युगल प्रदर्शनी आयोजना गरेका हुन् । मिल्दो विचार भावमा कोरिएका २२ वटा चित्र प्रदर्शनीमा समेटिएका छन् । नेपाली समसामयिक कलामा डुङ्गा र काइयो बनाउने कलाकारको रूपमा नेपाली कला जगत्मा चिन्ने गरेको छ । प्रदर्शनीमा दुवै कलाकारले एउटै क्यानभासमा पनि केही चित्र बनाएर समावेश गरेका छन् ।

इन्कार्नेसन र इन्टर्फिउजन शीर्षक यी दुई चित्रमा पहिलोमा शिव र पार्वतीको अर्धानारेस्वरको शरीरलाई मुख्य विषयको रूपमा प्रस्तुत गरिएको छ । जसमा दुवै कलाकारले दायाँ र बायाँ आआफ्नो परिवेशलाई अत्यन्तै मनमोहकरूपमा प्रस्तुत गरिएको छ । अर्धानारेस्वरको रूपलाई आफ्नै शैलीमा कोरिएको यो चित्रमा पृष्ठभूमिमा चन्द्र र सूर्यलाई एउटै क्यानभासमा दायाँ र बायाँ बनाइएको छ ।

यो चित्रमा मूलतः प्रकृति र पुरुषको संयोजनलाई आकर्षक रङमा बनाइएको छ । अर्को चित्र इन्टरफिउजन मा यिङयाङको आकारभित्र एक जोडी युवायुवती र आआफ्नो परिवेशअनुसारको हिमाल, मठ मन्दिर स्तूपा, घर आदि आकृतिलाई बनाइएको छ ।

इशानको अर्को चित्रमा काष्ठमण्डपलाई लिएर समय बितेर जान्छ भन्ने कुरालाई देखाउन खोजिएको छ भने अर्को वेल्कम ब्याक टु होम भन्ने चित्रमा प्रसिद्ध कलाकार लिओनार्दो दा भिन्चीको पात्र मोनालिसालाई नेपाली ढाकाको पहिरनमा लक्ष्मीनारायणको मूर्ति विदेशबाट नेपालमा फिर्ता ल्याइएको सन्दर्भलाई मोनालिसाजस्तो बहुमूल्य कृतिजस्तै हाम्रो नेपालका मूर्ति पनि महत्वपूर्ण र मूल्यवान् छन् भनी देखाउन खोजिएको छ । त्यस्तै सविताको अर्को चित्रमा एक जोडीलाई सुगामा चढी उडिरहेको अवस्थामा सेल्फी स्टिक र एअर फोन लिएको देखाइएको छ ।

## रंगशाला

# क्रिकेट खेलाडी सम्मानित




■ प्रभाव संवाददाता

**काठमाडौं–** एमडिएसी स्पोर्ट्सले नेपाली राष्ट्रिय क्रिकेट टिमलाई दशरथ रंगशालामा सम्मान गरेको छ । 'ए' डिभिजन लिगको मार्केटिङ कम्पनी एमडिएसीले शनिबार राष्ट्रिय क्रिकेट टिमलाई सम्मानित गरेको हो ।

आईसीसी विश्वकप क्रिकेट लिग टू मा उत्कृष्ट प्रदर्शन गर्दै विश्वकप छनोटमा सोझै छनोट भएको भन्दै क्रिकेट टिमलाई सम्मान गरिएको एमडिएसी स्पोर्ट्सले जनाएको छ ।

लिग टू अन्तर्गत टियु क्रिकेट मैदानमा भएको त्रिकोणात्मक सिरिजको अन्तिम खेलमा बिहीबार युएईलाई पराजित गर्दै नेपाल जिम्बावेमा आयोजना हुने विश्वकप छनोटमा सोझै छनोट भएको थियो ।

'ए' डिभिजन लिग अन्तर्गत मनाङ मर्स्याङ्दी क्लब र एपिएफ क्लबबीचको खेल दौरान क्रिकेट टिमलाई सम्मान गरिएको हो । अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकज नेम्वाङ, काठमाडौंका मेयर बालेन शाह लगायतले खेलाडीलाई सम्मान गरे ।

मनाङ र एपिएफबीचको खेलमा टिकटबाट प्राप्त हुने सम्पूर्ण रकम नेपाल क्रिकेट संघ (क्यान) को खेलाडी कल्याण कोषमा हस्तान्तरण गरिने समेत एमडिएसी स्पोर्ट्सले जनाएको छ ।

# भलिबल खेलाडी सम्मानित

**काठमाडौं (प्रस)–** दावाँली मिलन क्लब काठमाडौंले बंगलादेशमा आयोजना भएको सीएभीए बिच भलिबल प्रतियोगितामा उपविजेता बनेको नेपाली टोलीलाई सम्मान गरेको छ । दावाँली मिलन क्लबले शनिबार रजत पदक विजेता नेपाली महिला तथा पुरुष बिच भलिबल टोलीका खेलाडी, प्रशिक्षक र टिम व्यवस्थापकलाई नगदसहित सम्मान गरेको हो ।

कुपन्डोलस्थित म्याक्सिम ब्याक्वेटमा क्लबले १७ औं वार्षिक साधारणसभाको अवसरमा बिच भलिबल टोलीलाई नगद ५ हजारसहित सम्मानपत्रद्वारा सम्मान गरेको हो । बंगलादेशको कक्स बजारमा गत पुषमा भएको प्रतियोगितामा नेपालको महिला र पुरुष टिमले रजत पदक जितेको थियो ।

सम्मानित हुने पुरुष खेलाडीमा मान बहादुर श्रेष्ठ र दिल बहादुर सुनार तथा महिलातर्फ कोपिला उप्रेती र कमला पुन रहेका छन् । टिमको मुख्य प्रशिक्षक भरत शाह र टिम म्यानेजर जुनु पुन समेत सम्मानित भए । यस्तै एनएसजेएफ बजाज पल्सर स्पोर्ट्स अवार्ड २०७८ को वर्ष महिला खेलाडी घोषित भलिबल कप्तान अरुणा शाही र अवार्ड अन्तर्गत पिपल्स च्वाइस अवार्ड विजेता उषा भण्डारी समेत नगदसहित सम्मानित भए ।

# रूपन्देही सुपरलिगको उपाधि वेस्टर्न क्रिकेट क्लबलाई




■ प्रभाव संवाददाता

**भैरहवा–** नेपाल टेलिकम रूपन्देही सुपरलिगको उपाधि बीएम डब्लु वेस्टर्न क्रिकेट क्लब बुटवलले जितेको छ । शनिबार भैरहवामा सम्पन्न फाइनल खेलमा लुम्बिनी खुकुरी क्लबमाथि ५२ रनको जित निकाल्दै वेस्टर्नले उपाधि चुम्न सफल भएको हो । खुकुरीले उपविजेतामा चित्त बुझायो ।

उपाधिसँगै वेस्टर्नले १ लाख रूपैयाँ र ट्रफी हात पारेको छ । उपबिजेतामा चित्त बुझाएको लुम्बिनी खुकुरीले ५० हजार र ट्रफी प्राप्त गर्यो । सिद्धार्थ रंगशालामा टस जितेर ब्याटिङ गरेको वेस्टर्नले मौसमका कारण ३६ ओभरमा झारिएको खेलमा २२.३ ओभरमा खेल्दै सबै विकेट गुमाएर जम्मा ९४ रनको झिनो योगफल बनाएको थियो । उसका लागि अनिलकुमार साहले २६, अनिल खरेलले २४ र देब खनालले २३ रन बनाए । बलिङमा लुम्बिनी खुकुरीका साहव आलमले ५.३ ओभरमा १ मेर्डनसहित १७ रन खर्चेर ६ विकेट लिए । यस्तै, इकलाख वारिसले १ विकेट लिए ।

प्रतिउत्तरमा ९५ रनको झिनो लक्ष्य पछ्याएको लुम्बिनी खुकुरी २०.१ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै ५२ रनमै समेटियो र उपविजेतामा चित्त बुझायो । खुकुरीका कुनै पनि खेलाडीले दोहोरो रन जोड्न नसक्दा टिमले सामान्य लक्ष्य भेट्टाउन नसकी हार ब्यहोरेको हो । खुकुरीका इकलाख वारिस र संदीप रजालीले सर्वाधिक ८-८ रन बनाए भने प्रज्वल थापाले ७ रन मात्रै जोडे । लुम्बिनी खुकुरीलाई सस्तैमा रोक्न बलिङमा वेस्टर्नकन बिष्णु पाण्डेले ४.१ ओभरमा १० रन खर्चिंदै सर्वाधिक ५ विकेट लिए । उनी म्यान अफ द फाइनल भई एक हजार रूपैयाँ प्राप्त गरे । यस्तै, अनिल खरेल र अभिषेक गौतमले समान २-२ तथा देब खनालले १ विकेट लिए ।

प्रतियोगितामा वेस्टर्नका अनिलकुमार साह म्यान अफ द सिरिज भए । उनले १५ हजार रूपैयाँ पुरस्कार प्राप्त गरे । यस्तै, लुम्बिनी खुकुरीका प्रज्वल थापा वेष्ट ब्याटर र इकलाख वारिस बेष्ट बलर बने भने बुटवल राइनोजका सुन्दर आले उदयीमान खेलाडी घोषित भए । उनीहरूले जनही ५ हजारका दरले पुरस्कार प्राप्त गरे । रूपन्देही क्रिकेट संघको आयोजनामा संचालित सुपरलिगको यो २२ औं संस्करण हो । २०५४ सालदेखि संघले नियमितरूपमा सुपरलिग आयोजना गर्दै आएको छ ।

नेपालमा जिल्लास्तरमा ५० ओभरको सुपरलिग आयोजना हुने रूपन्देही जिल्लामा मात्रै हो । प्रतियोगितामा ए र बी डिभिजनका गरी २० टिमको सहभागिता थियो । विजेता, उपविजेता र उत्कृष्ट खेलाडीहरूलाई नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादु चन्द, सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख उमा अधिकारी, नेपाल टेलिकमका निर्देशक शैलेशबहादुर अमात्य, संघका केन्द्रीय सदस्य प्रशान्तविक्रम मल्ल, रूपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा, सिद्धार्थ उद्योग बाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठलगायतले पुरस्कार प्रदान गरेका थिए ।

प्रतियोगिताको प्रमुख प्रायोजकमा नेपाल टेलिकम तथा संरक्षकमा सिद्धार्थनगर नगरपालिका थिए । प्रतियोगिता बिजेता पुरस्कार एभरेस्ट कत्था मिल तथा उपबिजेता पुरस्कार रूपन्देही क्रिकेट संघका संस्थापक अध्यक्ष एवं विके ज्वेलर्सका प्रबन्ध निर्देशक प्रेमकुमार सेन्चुरीले सौजन्य गरेका थिए ।

# एपिएफविरुद्ध मनाङ मर्स्याङ्दी विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** मनाङ मर्स्याङ्दी क्लबले सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलमा पुनरागमन जित निकालेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार मनाङले एपिएफ क्लबलाई २-१ गोल अन्तरले हराएको हो ।

मनाङको जितमा कमल थापा र सेदजामोल दाम्लातजोनोभले एक एक गोल गरे । एपिएफका अर्मान्ड बिडोमले एक गोल गरे । खेलमा एक गोलको सुरुआती अग्रता उल्टाएर मनाङले जित निकालेको हो ।

३३ औं मिनेटमा अर्मान्ड बिडोमले गोल गर्दै एपिएफलाई सुरुआती अग्रता दिलाएका थिए । नविन लामाको क्रसमा बिडोमले हेडरमार्फत गोल गरे । तर, खेलको ५२ औं मिनेटमा कमल थापाले गोल गर्दै मनाङलाई १-१ गोलको बराबरीमा ल्याए । सुमित श्रेष्ठले एपिएफका बिकी तामाङलाई बिट गर्दै उपलब्ध गराएको पासमा कमलले वान टचमा गोल गरे ।

त्यसपछि खेलको ७२ औं मिनेटमा उज्वेकिस्तानका विंगर सेदजामोलले गोल गर्दै मनाङलाई २-१ को जित दिलाए । त्यसबाहेक दुबै टोलीले गोलको केहि अवसर गुमाएका थिए । खेलको तेस्रो मिनेटमा एपिएफका कप्तान नविन लामाको फ्रिकिकमा बिकी तामाङको हेडर मनाङका गोलकिपर तथा कप्तान दीप कार्कीले आफ्नो पन्जामा पारे । खेलको २६ औं मिनेटमा मनाङका फरवार्ड कोफी टिमोथीको फितलो प्रहार एपिएफका गोलकिपर युया कुरियामाले सहजै बचाए ।

खेलको ४३ औं मिनेटमा एपिएफका हरि कार्कीले गोलको अवसर गुमाए । बिकी तामाङले डिबक्स भित्र उपलब्ध गराएको पासमा अनमार्क रहेका हरिको प्रहार मनाङका गोलकिपर दीपले सहजै नियन्त्रणमा लिए ।

५९ औं मिनेटमा मनाङका कमलको कर्नरमा आशिष गुरुङको हेडर एपिएफका डिफेन्डर मान बहादुर राना मगरले गोललाइनबाट क्लियर गर्दै खतरा टारे ।

३३ औं मिनेटमा अर्मान्ड बिडोमले गोल गर्दै एपिएफलाई सुरुआती अग्रता दिलाए । नविन लामाको क्रसमा बिडोमले हेडरमार्फत गोल गरे ।

खेलको इन्जुरी समयमा मनाङका कोफीको पेनाल्टी क्षेत्र भित्रबाटको प्रहारले पोस्टको दिशा लिन सकेन । मनाङको यो तेस्रो जित हो । अपराजित मनाङले ५ खेलमा ११ अंक जोडेको छ । एपिएफले ५ खेलमा ७ अंक जोडेको छ ।

# राष्ट्रपति पुटिनविरुद्ध पक्राउ पुर्जी जारी, रुसद्वारा निन्दा




**हेग–** यहाँस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)ले युक्रेनमा युद्ध अपराध गरेको आरोपमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । उनले १६ हजारभन्दा बढी युक्रेनी बालबालिकालाई गैरकानुनीरूपमा देश निकाला गरेको आरोपमा पक्राउ पुर्जी जारी गरेको हो ।

आइसिसीले बालबालिकाको अधिकारसम्बन्धी रुसी राष्ट्रपतिका आयुक्त मारिया लभोभा बेलोभाविरुद्ध पनि सोही आरोपमा पक्राउ पुर्जी जारी गरेको बताएको छ । आइसिसी सदस्य देशका सरकारको सहयोगविना संदिग्धहरूलाई पक्राउ गर्ने अधिकार अदालतलाई नभएकाले पुटिन र मारिया पक्राउ पर्ने सम्भावना अति कम छ ।

मस्कोले आइसिसीका आदेशलाई अर्थहीन भन्दै खारेज गरेको छ । साथै, मस्कोले आरोप अस्वीकार गर्दै पक्राउ पुर्जी जारी हुनुलाई अपमानजनक भनेर त्यसको निन्दा गरेको छ । रुसी नेता पुटिन आइसिसीले पक्राउ पुर्जी जारी गरेका तेस्रो बहालवाला राष्ट्रपति भएका छन् ।

रुस आइसिसीको पक्ष राष्ट्र नभएकाले राष्ट्रपति पुटिन पक्राउ पर्ने सम्भावना छैन । अर्थात् द हेगमा रहेको उक्त अदालतको आदेश त्यहाँ कार्यान्वयन हुने कुनै आधार पनि छैन । यद्यपि, त्यसले राष्ट्रपति पुटिनको अन्तर्राष्ट्रिय यात्रामा असर पर्नसक्छ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्यता लिएर विश्वका १२३ सदस्य राष्ट्रहमध्ये कुनैमा उनले पाइला राखेमा उनलाई पक्राउ गर्न सकिनेछ । आइसिसीका अध्यक्ष पिओटर होफमान्स्कीले पक्राउ आदेश कार्यान्वयन अन्तर्राष्ट्रिय सहयोगमा निर्भर हुने बताएका छन् ।

युद्धग्रस्त युक्रेनले राष्ट्रपति पुटिनविरुद्ध आइसिसीले पक्राउ पुर्जी जारी गरेकामा त्यसको स्वागत गरेको छ । राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले अदालतको कदमलाई ऐतिहासिक निर्णय भन्दै स्वागत गरेका छन् ।

चिनियाँ राष्ट्रपति सी चिनफिङको आगामी साता हुने मस्को भ्रमण तथा रुसलाई चीनले सैन्य सहायता गर्ने समाचार सार्वजनिक भइरहेका बेला जारी भएको आइसिसीको आदेशले अन्तर्राष्ट्रिय जगतमा तरंग पैदा गरेको छ ।

यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि आफ्ना रुसी समकक्षी पुटिनविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गरेकामा त्यसको स्वागत गरेका छन् । राष्ट्रपति पुटिनले युक्रेनमा युद्ध अपराध गरेको ठहर गर्दै पक्राउ पुर्जी जारी गर्नुलाई अमेरिकी राष्ट्रपति 'न्यायसंगत' भनेका छन् । अमेरिका पनि आइसिसीको पक्ष राष्ट्र होइन । राष्ट्रपति कार्यालय ह्वाइट हाउसबाट आफ्नो डेलावरस्थित निजी निवासतर्फ प्रस्थान गर्नुअघि उनले रुसी राष्ट्रपति पुटिनले 'स्पष्टरूपमा युद्ध अपराध गरेको' पत्रकारहरूलाई बताए ।

गत महिना जर्मनीको म्युनिखमा आयोजित सुरक्षा सम्मेलनमा उपराष्ट्रपति कमला हयारिसले युक्रेनमा रुसले मानवताविरुद्धको अपराध गरेको आरोप लगाउँदै उसलाई दण्ड दिनुपर्ने बताएका थियो । रुसी सेनाले गैरसैनिक क्षेत्रमा गरेको आक्रमण आलोचना गर्दै उनले हत्या, यातना, बलात्कार र निर्वासनजस्ता घृणित कार्य भएकामा रुसको निन्दा गरेका थिए ।

त्यसअघि पनि बाइडेन प्रशासनले युक्रेनमा मस्कोले युद्ध अपराध गरेका प्रमाण आफूसँग रहेको जनाउँदै मस्कोविरुद्ध अन्तर ाष्ट्रिय समुदायले आवाज उठाउनुपर्नेमा जोड दिँदै आएको थियो । *रासस/एएफपी*

## जापान–दक्षिण कोरिया सुरक्षा साझेदारी

**सोल–** लामो समयदेखि जापान र दक्षिण कोरियाबीचको विद्वेषपूर्ण सम्बन्ध अन्ततः अन्त्य भएको छ । दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलको हालैको जापान भ्रमणपछि द्विपक्षीय सम्बन्ध हार्दिकतामा परिणत भएको हो ।

गत बिहीबार जापानको शीर्ष नेतृत्वसँग कोरियाली राष्ट्रपतिले शिखर वार्ता गरेपछि विगतका विवाद बिसाउने सहमति भएको हो । उत्तर कोरियाको बढ्दो चुनौती सामान गर्न पनि सोल र टोकियो विगतका विवाद बिर्सन सहमत भएका हुन् । पैतीस वर्षे औपनिवेशिक शासनकालमा कोरियाली श्रमिकमाथि अत्याचार भएको तथा उनीहरूले क्षतिपूर्ति पाउनुपर्नेलगायत माग सोलले उठाउँदै आएको थियो ।

पछिल्लो समझदारीअनुसार अब जापान र दक्षिण कोरियाले गोप्य सूचना आदानप्रदान गर्ने छन् । विशेषगरी प्योङयाङका गतिविधिसम्बन्धी त्यस्ता सूचना एकअर्काले आदानप्रदान गर्ने छन् । सोलले टोकियोमा भएको त्यससम्बन्धी सम्झौतालाई अक्षरसः कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । कोरियाली राष्ट्रपतिको जापान भ्रमणपछि दुई देशबीचको कूटनीतिक सम्बन्ध पनि नवीकृत भएको छ ।

दक्षिण कोरियाको विदेश मन्त्रालयले जापानसँगको सम्झौता कार्यान्वयन गर्न औपचारिकरूपमा पत्राचार गरिने जनाएको छ भने रक्षा मन्त्रालयका एक अधिकारीले पनि सम्झौता कार्यान्वयको खाका तयार पारिएको जनाएका छन् । जापानसँगको सम्बन्ध नवीकृत भएसँगै द्विपक्षीय व्यापार विवाद पनि साम्य हुने अपेक्षा गरिएको छ ।

दक्षिण कोरिया र जापानले रक्षा खर्च र संयुक्त सैन्य अभ्यासलाई बढाइरहेका छन् । यसअघि क्षेत्रीय एवं विश्वव्यापी स्थायित्वका निम्ति रक्षा खर्च र सैन्य अभ्यास बढाउन आवश्यक भएको राष्ट्रपति युनले बताएका थिए । कोरियाले जापानसँगको सैन्य सूचना आदानप्रदानसम्बन्धी सम्झौता खारेज गर्ने धम्की पनि दिएको थियो । सोलको उक्त धम्कीबाट प्योङयाङलाई मद्दत पुग्ने भन्दै वासिङ्टनले त्यसो नगर्न आह्वान गरेको थियो । *रासस/एएफपी*

## तापक्रम बढेसँगै बाका नदीका लाखौं माछा मरे

**सिड्नी–** अस्ट्रेलियाको न्यु साउथ वेल्सको दुर्गम भागमा रहेको मेनिन्डी सहर नजिकको डार्लिङ बाका नदीका लाखौं माछा मरेका छन् । तापक्रम वृद्धिका कारण माछा मरेका न्यु साउथ वेल्सका अधिकारीहरूले बताएका छन् ।

स्थानीय बासिन्दाका अनुसार यति धेरै माछा यसअघि मरेका थिएनन् । अति ताप लहरका कारण माछा मरेका हुन् । सामाजिक सञ्जालमा सार्वजनिक गरिएका तस्बिरमा नदीमा पानीभन्दा मरेका माछा देखिन्छन् । पानीको सतह देखिँदैन आँखाले भ्याएसम्मको दृश्यमा मरेका माछा मात्र छन् ।

शुक्रबार बिहान स्थानीय बासिन्दाले लाखौं मरेका माछा नदीमा देखेको बताएका छन् । तीन वर्षअघि पनि माछा मरेका थिए तर परिमाणात्मक रूपमा त्यो आजको जस्तो थिएन । मानव सिर्जित जलवायु परिवर्तनका कारण ताप लहर लगातार तीव्र हुँदै गएकाले जलचर पनि त्यसको सिकार भएका उनीहरूको अनुमान छ । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAEAH SAUDI ARABIA LTD.

पूर्व स्वीकृति मिति २०७९/०४/२० पूर्व स्वीकृति मिति २०७९/११/०३ LT. No. 268708 चलानी नं. ६०१८४५८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffold Labor | 10 | 0 | 1200 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: चैत ११ गते (25th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 268708 मिति: २०७९/१२/०४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WOODCRAFT STUDIO

पूर्व स्वीकृति मिति : २०७९/०३/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०३ LT. No. 265070 चलानी नं.६०१८१३४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ११ गते (25th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## जापानमा बैदेशिक रोजगारीको अवसर

कम्पनीको नाम: Kyusyu Business Suppor Cooperative ठेगाना: Hita City, Japan

पूर्व स्विकृती मिति : २०२३/०३/१७ लट नं.: २८२८६७, चलानी नं. ६०१९८३२८

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलव Japanese YEN | मासिक तलव Nepali Rupees | न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 Male | 156375 | 155831 | 10 Pass, Japanese Language N4 Level, Strong & Healthy | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छ | छ | ३ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | ७०० लाग्ने कामदार आफै | कामदार आफै | नि:शुल्क |

कम्पनीको नाम: Kyusyu Business Suppor Cooperative ठेगाना: Hita City, Japan

पूर्व स्विकृती मिति : २०२३/०३/१७ लट नं.: २८२८६८, चलानी नं. ६०१९८३२६

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलव Japanese YEN | मासिक तलव Nepali Rupees | न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wood Processor | 3 Male | 156375 | 155831 | 10 Pass, Japanese Language N4 Level, Strong & Healthy | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छ | छ | ३ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | ७०० लाग्ने कामदार आफै | कामदार आफै | नि:शुल्क |

अन्तर्वार्ता कम्पनीको प्रतिनीधिबाट २०७९ चैत्र १२ गते हुदैछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GOOD LIFE INTERNATIONAL**

EMPLOYMENT AGENCY NEPAL PVT. LTD.

KATHMANDU-31, GYAWALI MARGA, OLD BANESHWOR, KATHMANDU

TEL: 01-5100669, MOB: 9816909265, 9823038508

E: info.goodlifenepal@gmail.com, W: www.goodlifenepal.com

GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL Lic No.: 17/047/048

## कम्पनीको गाभिने सम्बन्धी सूचना

प्रकाशित मिति : २०७९/१२/०५

यस कम्पनीको मिति २०७५/१०/१२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम **फिक्कल केबल टि.भी. नेटवर्क प्रा.ली. नं. ११०९६४** मा **सिमाना नेट प्रा.ली. नं. ८४०३७** गाभिने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति दायित्व हालको कम्पनीले व्यर्होने सकार्ने गरि **सिमाना नेट प्रा.ली. नं. ८४०३७** लाई **फिक्कल केबल टि.भी. नेटवर्क प्रा.ली. नं. ११०९** गाभ्ने मिति २०७९/१२/१ गतेको निर्णय अनुसार स्वीकृति प्रधान गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/०९/१४ मा सम्पन्न वार्षिक /विशेष साधारण सभाको निर्णय बमोजिम कञ्चनजंघा सोलार डेभलपमेन्ट कम्पनी (प्रा.लि. नं. ४१८५६) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम " **कञ्चनजंघा सोलार एण्ड सप्लायर प्रा. लि.**" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**मण्डनदेउपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

महादेवस्थान, काभ्रे

फोन नं. ०११४१२११३

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९।१२।०५)

यस नगरपालिका बाट प्रकाशित तपसिलमा उल्लेखित कायंको मिति २०७९।११।१६ मा आह्वान भएका सिलबन्दी दरभाउपत्रको प्रस्ताव खोली उक्त दरभाउपत्रको प्राबिधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरि मुल्यांकन समितिले प्रक्रियागत रुपमा पेश गरेको प्रतिवेदन अनुसार सारभूतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिल बमोजिम बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै प्रस्तावदाताहरुलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| कृषि १/२०७९/०८० | धानको विउ खरिद (खुमल-४, मकवानपुर-१) | ब्रम्मायनी साना किसान कृषि सहकारी संस्था लि. बलेफी -२ सिन्धुपाल्चोक | रू.१५०००१५।०० (पन्द्र लाख पन्द्र रुपैयाँ मात्र) |

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०७१०० | प्रति तोला - १०६६०० | प्रति तोला - १३१० |



**ग्राहकको प्रतीक्षा.** बूढानीलकण्ठ मन्दिरको बाहिरपट्टी सडक छेउमा बिक्रीका लागि राखेका फूल तथा पूजाका सामग्रीको पसल ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

## कोषबाट पौने ४ अर्ब दाबी भुक्तानी

■ प्रभाव संवाददाता

**काठमाडौं–** योगदानमा आधारित समाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरेको सामाजिक सुरक्षा कोषले हालसम्म पौने चार अर्ब रूपैयाँ दाबी भुक्तानी गरेको छ । हालसम्म कोषले विभिन्न सामाजिक सुरक्षा योजनाअन्तर्गत योगदानकर्तालाई तीन अर्ब ७८ करोड रुपैयाँ भुक्तानी गरेको हो ।

कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ । कोषले २०७६ देखि विभिन्न योजनाको दाबी भुक्तानी गर्दै आएको छ ।

कोषले औषधोपचार सुविधाबापत ४४ करोड ५९ लाख ९६ हजार रुपैयाँ, दुर्घटना तथा अशक्तता सुरक्षा सुविधाबापत पाँच करोड ४५ लाख १७ हजार रुपैयाँ, आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत छ करोड ४६ लाख ६३ हजार रुपैयाँ र वृद्धावस्था सुरक्षा योजनाबापत तीन अर्ब २१ करोड ६५ लाख ७१ हजार रुपैयाँ दाबी भुक्तानी गरेको छ । कोषले ६८ हजार ३६ रुपैयाँ योगदानकर्तालाई एक लाख छ हजार ४५८ पटक विभिन्न शीर्षकमा दाबी भुक्तानी गरेको छ ।

कोषमा हालसम्म तीन लाख ९९ हजार एक सय ९२ श्रमिक सूचीकृत भएका छन् । सबैभन्दा बढी बागमती प्रदेशबाट तीन लाख ७० हजार २९, कोसीबाट ३८ हजार आठ सय ६८, मधेसबाट २१ हजार दुई सय ४१, गण्डकीबाट १५ हजार दुई सय १७, लुम्बिनीबाट १४ हजार ८६, सुदूरपश्चिमबाट एक हजार पाँच सय २६ र कर्णालीबाट एक हजार दुई सय २५ श्रमिक कोषमा आबद्ध भएका छन् ।

कोषमा १७ हजार सात सय ३४ रोजगारदाता सूचीकृत छन् । हालसम्म रु ३० अर्ब ७९ करोड योगदान रकम सङ्कलन भइसकेको छ ।

विद्युत् आदानप्रदान समिति बैठक

## विहारको ग्रीडमार्फत निर्यात हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल-भारतबीचको विद्युत् आदानप्रदान समितिको बैठकले नेपालले विहारको प्रसारण ग्रिडमार्फत अन्य राज्यमा विद्युत् निर्यातका लागि मोडालिटी तय गर्ने भएको छ ।

नयाँ दिल्लीमा सम्पन्न समितिको १४औं बैठकले विहारको ग्रिड हुँदै भारतको केन्द्रीय प्रसारण ग्रिडमार्फत अन्य राज्यमा नेपालले गर्ने विद्युत् निर्यातको मोडालिटी एक महिनाभित्रमा तय गर्ने निर्णय गरेको हो । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका विद्युत् प्रणाली सदस्य अशोककुमार राजपुतको सहअध्यक्षतामा बैठक बसेको थियो ।

'नेपालले विहारसँग प्रसारण लाइन जोडिएका विन्दुबाट भारतको केन्द्रीय ग्रिडसँग जोडिएर विद्युत् निर्यात हुने छ, यसका लागि एक महिनाभित्र दुवै पक्षले मोडालिटी टुङ्गो लगाउने छन्, यसबाट वर्षायाममा देशभित्र खपत गरी बढी भएको विद्युत् बिक्रीका लागि थप बजार सुनिश्चित भएको छ', प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भने ।

विहारसँग कटैया (विहार)-कुशाहा (नेपाल) र रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइन जोडिएका छन् । गत फागुनको पहिलो हप्तामा सम्पन्न नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको दशौं बैठकले कटैया-कुशवा र रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइनको दोस्रो सर्किट क्रमशः मार्च २०२३ भित्र र अप्रिल/मे २०२३ मा निर्माण सम्पन्न गर्ने निर्णय भएको थियो ।



विद्युत् आदानप्रदान समितिको बैठकले विद्युत् आदानप्रदान सम्झौताअन्तर्गत आयात निर्यात हुने विद्युत्को प्रतियुनिट दर सात रूपैयाँ २१ पैसा भारतीय मुद्रा (११ रूपैयाँ ५४ पैसा नेपाली) तय गरेको छ । आर्थिक वर्ष सन् २०२२/२३ का लागि १३२ केभी प्रसारण लाइनमार्फत हुने विद्युत् आदानप्रदान दर तय गरेको हो ।

विद्युत् आदानप्रदान सम्झौताबमोजिम नेपाल विद्युत् प्राधिकरणले भारतको विहार, उत्तर प्रदेश र उत्तराखण्डबाट आवश्यक परेका बेलामा विद्युत् आयात गर्दै आएको छ । प्राधिकरणले अन्य दुई राज्यको तुलनामा आवश्यक परेका बेला सबैभन्दा बढी विहारबाट विद्युत् आयात गर्दछ । नेपालसँग विहार र उत्तर प्रदेश मात्र १३२ केभी प्रसारण लाइनमा जोडिएका छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालले चाहेका बेलामा विद्युत् लिने गरी नयाँ दर तय गरिएको र उक्त दर भारततर्फ निर्यात गर्दा पनि लागू हुने बताए । 'आव २०१९/२० का लागि तय भएको दर त्यसपछिका वर्षलाई पुनरावलोकन हुन सकिरहेको थिएन, भारतीय पक्षबाट वार्षिक साढे पाँच प्रतिशतको मूल्यवृद्धि जोडर प्राधिकरणले आयात गर्ने विद्युत्को बिल पठाउने गरिएको थियो, विगतमा गरिएको विलिङलाई समायोजन गर्दै जाने सहमति भएको छ, यसबाट प्राधिकरणललाई करिब ३१ करोड भारु (४९ करोड ६० लाख नेरु) फाइदा भएको छ', घिसिङले भने ।

नयाँ तय गरिएको दर 'टेक अर पे' आधारमा नभएको उनले बताए । उनले भने, 'यो नेपाललाई आवश्यक पर्दा खरिद गरिने विद्युत्को दर हो, चाहिएका बेलामा मात्र विद्युत् आयात गरिने हुँदा यो दर अहिलेको भारतीय बजारभन्दा सस्तो छ, उक्त दर हामीले विद्युत् निर्यात गर्दा पनि पाउनेछौं ।'

उनले गत डिसेम्बरमा विद्युत् बिक्रीका लागि भारतीय कम्पनीसँग बिडिङमार्फत माग गर्दा फेब्रुअरी र मार्च, अप्रिल तथा मेका लागि प्रतियुनिट क्रमश : सात दशमलव ५० र आठ दशमलव ७० रूपैयाँ प्रस्ताव पेस गरेको बताए ।

'प्रतिस्पर्धामा छनोट भएका कम्पनीले आयातित कोइलाबाट उत्पादित विद्युत् मात्र नेपाललाई बिक्री गर्न पाउने हुँदा कोइलाको मूल्यमा उतारचढाव आइरहेकाले उक्त कम्पनी प्रस्तावित दरमा पनि प्राधिकरणसँग सम्झौता गर्न तयार भएनन्', घिसिङले भने, 'विहार राज्यलाई आयातित कोइलाको व्यवस्था लागू नहुने भएकाले दर सस्तो भएको हो, प्रतिस्पर्धी बजारमा पनि दैनिकरूपमा प्रतियुनिट विद्युत्को औसत दर १२ भारुसम्म पर्ने गएको छ, यसमा प्रसारण शुल्कलगायत थप डेढ रूपैयाँ थप हुन्छ, त्यसैले अहिले तय गरिएको दर अन्यको तुलनामा सस्तो छ ।'

बैठकले नेपालले विहारमा विद्युत् निर्यातका लागि एक महिनाभित्र मोडालिटी तय गर्ने निर्णय गरेको छ । 'नेपालले विहारसँग प्रसारण लाइन जोडिएका विन्दुबाट निर्यात गर्न एक महिनाभित्र दुवै पक्षले मोडालिटी टुङ्गो लगाउने निर्णय भएको छ, यसबाट देशभित्र खपत गरी बढी भएको विद्युत् विहारमा बिक्री गर्न थप बजार सुनिश्चित भएको छ', घिसिङले भने ।

प्राधिकरणले आवश्यक परेका बेला भारतबाट व्यापारिकरूपमा इन्डियन इनर्जी एक्सचेञ्ज लिमिटेड (आइएक्स) को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत, विद्युत् आदानप्रदान सम्झौता (पावर एक्सेञ्ज) र महाकाली सन्धिअन्तर्गतको बिजुली आयात गर्छ । व्यापारिकरूपमा ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय चार सय केभी डबल सर्किट प्रसारण लाइनमार्फत र अन्य स्थानबाट पावर एक्चेञ्जअन्तर्गत भारतबाट बिजुली ल्याइरहेको छ ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् चालू आर्थिक वर्षमा भारतीय बजारमा बिक्री गरी रु आठ अर्ब ४४ करोड आर्जन गरेको छ ।

कर्पोरेट

### मेट्रो मार्टमा क्यूआरमार्फत सामान किन्दा १० प्रतिशत छुट




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्राहकहरूलाई मेट्रो मार्टका काठमाडौं भित्रका स्टोरहरूबाट स्मार्ट क्यूआरमार्फत सामान किन्दा १० प्रतिशतसम्म डिस्काउन्ट उपलब्ध गराउने योजना सार्वजनिक गरेको छ ।

यस योजनाअन्तर्गत ग्लोबल स्मार्ट प्लस मोबाइल बैंकिङ्ग एयापबाट मेट्रो मार्टमा राखिएका स्मार्ट क्यूआर स्क्यान गरी भुक्तानी गर्दा १० प्रतिशत डिस्काउन्ट पाइनेछ । एक पटकको खरिदको रु. १०० सम्म र योजना अवधिभर रु. ३०० सम्म डिस्काउन्ट पाइनेछ । योजना सिमित अवधिका लागि काठमाडौं उपत्यकाभित्रका मेट्रो मार्टको जोरपाटी, सानेपा, र पेप्सीकोला स्थित स्टोरहरूमा लागू हुनेछ ।

बैंकले आफ्ना ग्राहकको सुविधालाई मध्यनजर गरी समय-समयमा यस्ता योजनाहरू ल्याएर ग्राहकहरूलाई प्रत्यक्षरूपमा लावान्भित गर्दै आएको छ । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । मुलुकको लगभग सबै वित्तीय सूचकाङ्कहरूमा पहिलो बैंकले ३६४ शाखा कार्यालय, ३६३ एटिएम, ३२१ शाखा रहित बैंकिङ्ग सेवा, ६४ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट ४० लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

### नागरिक लगानी कोष ३३औं वर्षमा

**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष स्थापनाको ३३औं वर्षमा प्रवेश गरेको छ । बचतमा प्रोत्साहन गरी लगानी बढाउने, अवकाश कोष तथा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने र पूँजी बजारमा गतिशीलता ल्याउने उद्देश्यले २०४८ सालमा स्थापना भएको कोषले हालसम्म रु दुई खर्बभन्दा बढी लगानी गरिसकेको जनाएको छ ।




कोषका अनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा रु दुई खर्ब पाँच अर्ब ६९ करोड लगानी गरेको छ । सोही अवधिमा कोषको खुद कोष मौज्दात रकम रु दुई खर्ब छ अर्ब १९ करोड छ । हालसम्म मुद्दती निक्षेपमा रु एक खर्ब छ अर्ब २६ करोड, धितोपत्रमा रु २८ अर्ब २६ करोड १३ लाख, कोषका सहभागीलाई सापटी तथा आवास कर्जामा रु ४५ अर्ब ९२ करोड १५ लाख र समकालीन कर्जामा रु २२ अर्ब ६९ करोड ८० लाख लगानी गरेको कोषले जनाएको छ । पुस मसान्तसम्ममा अधिकृत पूँजी र जारी पूँजी समान रु आठ अर्ब रहेको कोषको चुक्ता पूँजी रु चार अर्ब २५ करोड १० लाख रहेको छ ।

नागरिक लगानी कोषमा सरकारको २३ दशमलव ३४ प्रतिशत शेयर स्वामित्व छ । त्यस्तै राष्ट्रिय बीमा संस्थानको ३१ दशमलव ५५, नेपाल स्टक एक्सचेन्जको १०, अन्य बैंक तथा वित्तीय संस्थाको १५ दशमलव ११ र सर्वसाधारणको २० प्रतिशत स्वामित्व छ । लगानी कोषले कर्मचारी बचत वृद्धि अवकाश कोष, बीमा कोष, उपदान तथा पेन्सन कोष, लगानीकर्ता हिसाब योजना, नागरिक एकाङ्क योजना, नागरिक पेन्सन योजना, लगानी व्यवस्थापन, ब्रिज ग्याप लोन, सहभागी कर्जा, परियोजना कर्जा, धितोपत्र लगानीजस्ता कार्यक्रम कार्यान्वयन गरिरहेको जनाएको छ ।

## 'अनलाइन प्रणालीको विकासले कारोबारमा सहजता'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालका राजस्व सचिव डा. रामप्रसाद घिमिरले नागरिक लागनी कोषले सञ्चालन गरेको अनलाइन प्रणालीको विकासले कोषको कारोबारमा सहजता आएको बताएका छन् ।

कोषको ३३औं वार्षिकोत्सवको अवसरमा आज आयोजित कार्यक्रममा प्रमुख सचिव घिमिरले विद्युतीय सरकारी लेखा प्रणालीबाट तथ्याङ्क लिन थालेपछि त्रुटि कम हुन थालेको बताए । उनले अन्य प्रतिस्पर्धी संस्थाको तुलनामा कोषप्रति आकर्षण बढ्दो क्रममा रहेको धारणा राखे ।

कार्यक्रममा कोष सञ्चालक समितिका अध्यक्ष प्रा डा सूर्यबहादुर थापाले कोषले आफूलाई अझ सुदृढ बनाउँदै राष्ट्रिय आकांक्षा पूरा गर्नेतर्फ कार्य गरिरहेको बताए । उनले आगामी दिनमा देशको आर्थिक वृद्धिमा टेवा पुऱ्याउने एवं रोजगारी सिर्जना गर्न, कृषि, पर्यटन, ऊर्जा र पूर्वाधार




निर्माण जस्ता उत्पादनशील क्षेत्रमा लगानीलाई विस्तार गर्दै लैजानुपर्नेमा जोड दिए ।

अध्यक्ष थापाले कर्मचारी विनियमावली अगाडि बढेको, कोषको स्रोत, साधनअनुसार कार्यरत कर्मचारीको सेवा सुविधा परिमार्जन हुँदै आएको बताए ।

कोषका कार्यकारी निर्देशक रमण नेपालले चालु आर्थिक वर्षको पुस मसान्तसम्म कोषको खुद बचत परिचालन रकम रू दुई खर्ब छ अर्ब १९ करोड रहेकोमा उक्त अवधिमा कोषले रू दुई खर्ब पाँच अर्ब ६९ करोड लगानी गरेको बताए ।

कोषले लगानी गर्दा सुरक्षित र प्रतिफलमुखी राष्ट्रिय गौरव र प्राथमिकताका परियोजना छान्नुपर्ने विषयलाई उच्च प्राथमिकता दिएको उनको भनाइ छ ।

कार्यक्रममा नागरिक लगानी कोष कर्मचरी युनियनका अध्यक्ष सुरेश चालिसे र नेपाल वित्तीय संस्था कर्मचरी सङ्घका अध्यक्ष देवनारायण गुरागाईंले कोषले गर्नुपर्ने विषयमा व्यवस्थापनको ध्यानाकर्षण गराए । वाषिकोत्सव कार्यक्रममा २० वर्षे सेवा अवधि पूरा गरेको कर्मचारीलाई पदक र उत्कृष्ट कर्मचारीलाई सम्मान पत्र प्रदान गरिएको थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ